कर्णालीलाई सुगम बनाउनु छ : अध्यक्ष ओली | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १६९ • २०७९ साल कार्तिक २८ गते सोमबार (14 November, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# धनुषा-१ मा माओवादी र जसपा उम्मेदवारबीच प्रतिस्पर्धा

## एमालेको छैन् भर, गठबन्धन रिझाउँदै यादव

**कमलेश ठाकुर**

जनकपुरधाम ।धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा सत्तारुढ गठबन्धनबाट माओवादी केन्द्रका उम्मेदवार मातृका यादवले गठबन्धनको विश्वासमा जितलाई दोहऱ्याउने प्रयासमा छन् ।गठबन्धनका मुख्य दल नेपाली कांग्रेसलाई रिझाएका यादवले सहजै चुनाव जित्नेमा ढुक्क देखिएका छन् ।

कांग्रेसबाट भरपर्दो सहयोग पाइरहेका यादवका लागि भने एमाले जसपा गठबन्धनबाट जनता समाजवादी पार्टी( जसपा)का उम्मेदवार दिपक कार्कीले चुनौती दिइरहेका छन् ।२०७४ सालको चुनावमा पनि कार्कीले यादवलाई चुनौती दिएका थिए ।

नेपाली कांग्रेस र नेकपा एसले इमान्दारीपूर्वक सहयोग गरिरहेकाले माओवादी उम्मेदवार यादवलाई जित्न धेरै समस्या नहुने कांग्रेसका युवा नेता राजकिशोर सिंह बताउँछन् ।'स्थानीय तहको चुनावमा प्राप्त मत विभाजन हुने जोखिम छैन्' उनले भने, विपक्षी उम्मेदवारहरुको मत विभाजन भइरहेकाले यादवका लागि सहज भएको छ ।

नेकपा एमालेसित गठबन्धन गरेको जसपालाई भर भने छैन् ।एमालेका प्रभावशाली नेता किशोरी साह 'कमल' जनमत पार्टीबाट उम्मेदवार छन् ।एमालेबाट अन्तिम समयमा जनमतबाट उम्मेदवारी दिएका साहका लागि एमालेका स्थानीय नेता, कार्यकर्ताहरुको भर छ ।एमालेको अधिकांश मत प्राप्त गर्ने र सत्तारुढ दलबाट समेत मत आइरहेकोले चुनाव जित्न सक्ने उनका सहयोगीहरुको कथन छ ।



मातृका यादव    दिपक कार्की

साह २०७४ सालमा त्यहाँबाट एमालेको टिकटमा प्रदेश सभा सदस्यमा विजयी भएका थिए ।एमाले र जसपाबीच गठबन्धन भएपछि जसपाको भागमा प्रतिनिधिसभाको सिट परेपछि साहले पार्टी परित्याग गरी जनमतबाट टिकट लिएका हुन् ।

जसपाका कार्कीलाई एमालेले सहयोग गरेको दाबी गरिरहेको छ ।एमालेका नेता सोनफी साहले गठबन्धनमा कुनै अन्यौल नरहेको दाबी गरे ।'गठबन्धनको धर्मलाई एमालेले इमान्दारीपूर्वक निर्वाह गरिरहेको छ ' उनले भने, चुनाव जसपाका उम्मेदवार कार्कीले नै जित्ने छन् ।

मतदाताहरुले परिवर्तन चाहेकाले कार्कीको अवस्था बलियो रहेको उनले दाबी गरे ।गत चुनावमा पराजित भए पनि जनतामाझ कार्की लोकप्रिय रहेको उनको कथन छ ।

एमालेको अत्यधिक मत साहले तान्ने र राप्रपाको मत राप्रपाका उम्मेदवार मनोज मल्लमै रहने भएकाले यादवको स्थितिलाई सुदृढ बनाएको सत्तारुढ गठबन्धनका नेताहरुको मान्यता छ ।हेमबहादुर मल्लका पुत्र मनोज मल्लको परम्परागत मत सो क्षेत्रमा रहेको छ ।सो मत राप्रपामा नै रहने भएपछि माओवादी उम्मेदवार यादवका लागि अनुकुल भएको बताइन्छ ।

जनमतका उम्मेदवार किशोरी साहले संगठनात्मक मतको अतिरिक्त एमालेको मत तान्न बढी सक्रिय छन् ।उनलाई एमालेको भर छ ।धार्मिक, समाजिक क्षेत्रमा क्रियासिल रहने साह अन्य दलका मतदाताहरुमा पनि घुलमिल भएकाले राम्रै मत पाउने अपेक्षा गरिएको छ ।

क्षेत्र नम्बर १ को प्रदेश 'क' बाट सुकेश्वर यादव एमालेबाट र कांग्रेस गठबन्धनबाट सञ्जय महतो उम्मेदवार छन् ।जनमतले उम्मेदवार बनाएको ब्रम्हदेव महतोको पकड पनि क्षेत्रमा राम्रो मानिन्छ ।कांग्रेसका महतोको प्रमुख प्रतिस्पर्धी एमालेका यादवलाई नै मानिएकोछ ।जनमतका महतोले पनि चुनावको परिणाम बदल्न सक्ने स्थितिमा छन् ।नतिजा उनकै पक्षमा आए पनि आश्चर्यजनक नहुने स्थानीयहरुको कथन छ ।तर बाहिरी रुपमा यादव र कांग्रेसका महतोबीच नै प्रतिस्पर्धा हुने देखिन्छ ।भित्री मत जनमतका महतोको पक्षमा रहेको बताइन्छ ।

त्यसैगरी प्रदेश 'ख' मा जसपाको समर्थनमा एमालेका रामचन्द्र मण्डल जितलाई दोहऱ्याउने पक्षमा छन् ।तर उनका लागि ठूलो चुनौती जनमत पार्टीका सुरेन्द्र मण्डल बनेका छन् ।कांग्रेस गठबन्धनबाट लोसपाका उम्मेदवार सञ्जय सिंह स्थानीय तहको मतलाई अधार मान्दा अगाडि छन् ।

मण्डल जातीको बाहुल्यता रहेको प्रदेशमा रामचन्द्र मण्डल र सुरेन्द्र मण्डल उम्मेदवार छन् ।मण्डलमा पनि केवट जातीको अत्यधिक मत रहेको र सुरेन्द्र मण्डल पनि केवट रहेकाले उनको स्थिति बलियो रहेको मानिन्छ ।रामचन्द्र मण्डल धानुक हुन् ।

गत चुनावमा माओवादीको टिकटमा प्रदेश सभासदस्य चुनिएका मण्डल पछि एमालेमा प्रवेशगर्दा सभासद पद समाप्त भएको थियो ।

क्षेत्र नम्बर १ को समिकरण परिवर्तन हुने ठोस संकेत देखिएको छैन् ।तर भित्री रुपमा मत चोर्ने र आफ्नै दलका उम्मेदवारलाई धोका दिने क्रम बढन थालेको बताइन्छ ।सत्तारुढ गठबन्धनबाट माओवादीका वरिष्ठ नेता एवं पूर्व मन्त्री यादव र कयौं पटक चुनाव लडेपनि थोरै मतले पछाडी पर्ने गरेका जसपाका कार्कीबीच नै प्रतिस्पर्धा रहेकाले जितहारको अन्तर गत चुनावको भन्दा कम रहने अनुमान गरिएको छ ।

क्षेत्रमा कुल २५ जना उम्मेदवार रहेका छन् ।त्यस मध्ये एकजना पनि महिला उम्मेदवार छैनन् ।८० प्रतिशत मधेशी, १६ प्रतिशत खसआर्य र ४ प्रतिशत मुसलमान मतदाता रहेका छन् ।१ लाख १८ हजार ६ सय २८ मतदाता मध्ये पुरुष मतदाता ६१ हजार ६ सय ३३ र महिला मतदाताको संख्या ५६ हजार ९ सय ९४ रहेको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ कार्तिक २७ गते सम्म
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






# निर्वाचनको सरगर्मी उत्साहजनक र वातावरण शालिन छ : आयोग



काठमाण्डु । देशभर हिउँदे चिसो बढेसँगै आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको चुनावी सरगर्मीको राप भने ह्वात्तै बढेको छ। पछिल्ला केही दिनयता निर्वाचन प्रचारप्रसारको काम सञ्चार माध्यमबाट प्रभावकारी रुपमा भइरहेको र उम्मेदवार पनि मत माग्न घरदैलो कार्यक्रममा व्यस्त रहेकाले चुनावको सरगर्मी तीव्ररुपमा अघि बढेको छ।

निर्वाचनको प्रचारप्रसारमा तडकभडक नभएर अन्त्यन्त शालिन ढङ्गले अघि बढिरहेको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्माले बताउनुभयो । यसअघिका निर्वाचनका तुलनामा यस पटक आचारसंहिताको पालनामा सुधार भई तुल ब्यानर, पोष्टर, पम्प्लेट र भित्ते लेखनबाट सहर कुरुप हुनबाट जोगिएको छ। "राजनीतिक दलले निर्वाचमा धेरै खर्च भयो प्रचारप्रसारको समय र खर्च कम गर्ने व्यवस्था गर्न भनेपछि आचारसंहितामा त्यो व्यवस्था गरिएको हो", उहाँ भन्नुभयो, "अहिले ध्वजापतका, पम्प्लेट, ब्यानर, माइक, आमसभाजस्ता विषय कम भए पनि निर्वाचन सबै मतदाताको मन मस्तिष्कमा छ, माहौल नभएको भन्न मिल्दैन, सहरको सुन्दरता पनि त कायम छ।"

सञ्चार माध्यममा विज्ञापन, राजनीतिक दल र उम्मेदवारका कार्यक्रम, समाचार र अरु निर्वाचनसम्बन्धी सामग्रीले पनि निर्वाचनको महौल बनिरहेको छ। पछिल्ला निर्वाचनमा मतदाता र उम्मेदवार दुवै परिपक्क हुँदै गएकाले निर्वाचनको शालीन हुन पुगेको हो । प्रतिनिधिसभा सदस्य दुई सय ७५ र प्रदेशसभा सदस्य पाँच सय ५० सिटका लागि हुने निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता छन् ।

नेकपा 'एमाले' का नेता सुवास नेम्वाङले राजनीतिक दल, उम्मेदवार, मतदाता र लोकतन्त्र जति परिपक्क हुँदै जान्छ त्यति नै चुनाव शालिनरुपमा अघि बढ्दै जाने बताउनुभयो । उहाँले भन्नुभयो, "दल र निर्वाचन आयोगबीच छलफल गरेर मितव्ययी बनाउन चुनाव प्रचारप्रसारको प्रक्रिया र शैलीमा आमूलपरिवर्तन गरिएको छ।

निर्वाचनप्रति जनता परिपक्क, उत्साह र जागरुक छन् । हामीले जे सोचेका थियौँ, त्यही भइरहेकोछ, म यसबाट खुसी छु।"

पहिलाका चुनावमा तुल ब्यानरले बजार र गाँउ छपक्कै हुने मात्र नभई मतदाता पनि विभिन्न दल विशेषका चुनाव चिह्न अंकित पोशाकले पहिरिएको देखिन्थ्यो । त्यसमा उम्मेदवारको खर्च धेरै हुन्थ्यो । यस पटकको निर्वाचनलाई मितव्ययी बनाउने उद्देश्यले आयोग र दलले चुनाव प्रचारप्रसारका सबैमा प्रक्रियामा आमूल परिवर्तन गरेका हुन् । आमसभा र घरदैलो समेत यसपटक १५ दिनमा सीमित गरिएकाले पनि पहिले जस्तो प्रचार भएन जनता निराश भएकी भन्ने कोणबाट टिप्पणी गरिए तापनि त्यो बुझाइ सही नभएको भनाइ छ।

उम्मेदवार समक्ष मतदाताले अझै पनि खोइ त बाटो भनी जानेर वा नजानेर बिभिन्न माग र प्रश्न तेस्याइरहेका पूर्वसभामुख नेम्वाङ बताउनुहुन्छ । जनता अहिले पनि निर्वाचनप्रति पहिलेकै जस्तै उत्सुक रही उम्मेदवार समक्ष यस्तो काम हुन पर्‍यो भनेर माग गर्ने गरेको त्यसको टिपोट गर्दै प्रतिबद्धता जाहेर गर्ने गरेको पाइएको छ। तीस वर्षसम्म तपाईले के के काम गर्नुभयो त भनी प्रश्न गर्दै जनताले विधायकसँग अहिले पनि कुलो, सडक, धारा/पँधेरोका मुद्दालाई नै उठाउँदै आइरहेका देखिएको छ।

नेपाली कांग्रेसका नेत्री पुष्पा भूषालले जिल्लाको भूगोलअनुरुप प्रचारप्रसारको समय अत्यन्त काम भएको र ठूला कार्यक्रम भन्दा घरदैलोलाई नै प्राथमिकतामा दिएका कारण निर्वाचनको वातावरण नदेखिएजस्ता भए पनि निर्वाचनप्रति जनताको उत्साह निकै राम्रो रहेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "हामी आफै जनताको घर दैलोमा गएकाले तडकभडक यस पटक छैन, जनतामा उत्साह भने ठूलो छ।"

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता अनिलकुमार झाले निर्वाचनमा मतदान गर्नका लागि जनता अत्यन्त उत्साही रहेको आफूले पाएको बताउनुभयो।

उहाँले भन्नुभयो, "निष्ठाको राजनीतिका लागि चुनाव कम खर्चिलो हुनुपर्छ भन्ने मान्यताका आधारमा चुनाव प्रचारप्रसारको गतिविधि अघि बढेकोछ, कानुन निर्माण गर्ने दायित्व भए पनि जनताले हामीसँग मलखाद, सिँचाइ, सडक, बिउबीजन, खानेपानी, वैदेशिक रोजगारीलगायत सामाजिक मुद्दा उठाइरहेका छन् ।"रासस

# 'बाटो बनाउनेलाई भोट'

**टुडे समाचारदाता**





जलेश्वर । महोत्तरीको निर्वाचन क्षेत्र नं १ मा पर्ने बर्दिबास नगरपालिका-११ छोडके गाउँका मतदाता गाउँमा बाटो बनाउने उम्मेदवारलाई भोट दिने बताउँछन् ।

जिल्लाकै दुर्गम उक्त क्षेत्रबाट नेकपा (माओवादी केन्द्र) का गिरिराजमणि पोखरेल तीन पटक विजयी भएका छन् । उनी पटक पटक मन्त्री समेत भएका हुन् ।

छोडके गाउँमा अहिलेसम्म सडक पनि बनेको छैन । उनीहरु आधारभूत सेबाबाट समेत वञ्चित हुँदै आएका छन् । उक्त गाउँमा सडक, शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली बत्तीलगायत सुविधाको अभाव छ । स्थानीय मतदाता डम्बर लामा निर्वाचनमा विजयी उम्मेदवारले यहाँको विकासमा ध्यान दिन नसकेको गुनासो गर्छन् ।

बर्दिबासका खयरमारादेखि डाँडापारी रहेको यस क्षेत्रमा बर्दिबासबाट बसमा डेढ एक घण्टा तथा पैदल पाँच घण्टामा पुगिन्छ । यहाँका मतदातालाई बिहानबेलुका छाक टार्न धौधौ छ। "मिठो खाने र राम्रो लगाउने त सपना मात्रै हो", स्थानीय सोमबहादुर स्याङतान भन्छन् ।

बाँके नदीको शिरमा रहेको यस बस्तीमा पुग्न खोलैखोला तर्नुपर्ने बाध्यता छ । वैकल्पिक मार्गसमेत छैनन् । यहाँका नागरिक शिक्षा, स्वास्थ्य र रोजगारीका लागि अन्य जानु पर्छ। यहाँ तीन सय परिवारका आठ सय ६४ मतदाता छन् । प्रत्येक निर्वाचनमा सडक, स्वास्थ्यचौकी, अस्पताल, खानेपानीलगायत का सुविधा उपल्बध गराउँने आश्वासन दिन्छन् । तर चुनाव जितेपछि भने उम्मेदवार बस्तीमा नआएको यहाँका मतदाताको गुनासो छ।

बस्तीमा कोही बिरामी परे पैदल पाँच घण्टा खोलाको बाटो हुँदै स्वास्थ्य संस्था पुग्नुपर्ने बाध्यता वर्षौंदेखि यथावत् छ। यो क्षेत्रबाट विगत १५ वर्षदेखि पोखरेल चुनाव जित्दै आएका छन् ।

# निर्वाचन तयारी पूरा

**टुडे समाचारदाता**

महोत्तरी । आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि कर्मचारी व्यवस्थापनको काम जिल्लामा सकिएको छ।

जिल्लाका सबै मतदानस्थल र मतदान केन्द्रका लागि चार हजार पाँच जना जनशक्ति परिचालन गरिएको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय जलेश्वरले जनाएका छन् ।

'जिल्लाका दुई सय ५८ मतदानस्थलका चार सय ९९ मतदान केन्द्र र दुई अस्थायी मतदान केन्द्रसहित पाँच सय एकवटै केन्द्रका लागि मतदान अधिकृतसहितका आवश्यक जनशक्ति व्यवस्थापन गरिएको छ', मुख्य निर्वाचन अधिकृत हेमबहादुर सेनले भने, 'अब धमाधम खटिएका कर्मचारीलाई अभिमुखीकरण तालिम दिएर नियुक्ति दिँदै सम्बन्धित केन्द्रमा पठाइँदै गरिएको छ।'

जिल्लाका चार प्रतिनिधिसभा क्षेत्रमध्ये तीनवटाको तालिम सम्पन्न भएको र एक क्षेत्रको आइतबार सकिने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

जिल्लाभरिमा तोकिएका मतदान केन्द्र र दुई अस्थायी केन्द्र (सैनिक ब्यारेक र कारागार)मा मतदान कार्यका लागि दक्ष जनशक्ति व्यवस्थापन भएको छ। मतदान केन्द्रको मतदाता संख्या र संवेदनशीलतालाई मध्यनजर गरिँदै तीनदेखि आठ जनासम्मको जनशक्ति खटाइएको मुख्य निर्वाचन अधिकृत सेनको भनाइ छ।

क्षेत्रगतरूपमा प्रतिनिधिसभा क्षेत्र-१ मा नौ सय ८३, २ मा एक हजार १९, ३ मा एक हजार २७ र ४ मा नौ सय ७६ कर्मचारी खटाइएको कार्यालयले स्पष्ट पारेको छ। यसका अतिरिक्त सुरक्षा प्रबन्धका लागि जनशक्ति परिचालित गरिएको छ।

कर्मचारी खटनपटनसँगै सबै निर्वाचन अधिकृत महेन्द्र झाले जानकारी दिए।

चार प्रतिनिधिसभा र आठ प्रदेशसभा क्षेत्र रहेको जिल्लामा आसन्न मंसिर ४ को निर्वाचनका लागि तीन लाख ९७ हजार ३० मतदाता छन् । तीमध्ये सबैभन्दा बढी क्षेत्र नं ३ मा ९९ हजार नौ सय ३० छन् । यसैगरी क्रमशः क्षेत्र नं २ मा ९९ हजार सात सय सात, क्षेत्र नं ४ मा ९८ हजार आठ सय ९६ र क्षेत्र नं १ मा ९८ हजार चार सय १७ मतदाता कायम रहेका जिल्ला निर्वाचन कार्यालयले यसअघि नै सार्वजनिक गरिसकेको छ।

***कर्मचारी खटनपटनसँगै सबै मतदान केन्द्रमा मतदान सामग्री (मतपत्र र अन्य बन्दोबस्तीका समान) पुगेका जनाइएको छ । सबै मतदान केन्द्रका लागि आवश्यक जनशक्ति र सामग्री बन्दोबस्तको काम सकिएपछि अब मतदान पूर्वतयारीको काम (मतपत्र प्याकिङ, सर्टिङ, रुजु र शिलबन्दी) भइरहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत महेन्द्र झाले जानकारी दिए।***

मतदान केन्द्रमा मतदान सामग्री (मतपत्र र अन्य बन्दोबस्तीका समान) पुगेका जनाइएको छ। सबै मतदान केन्द्रका लागि आवश्यक जनशक्ति र सामग्री बन्दोबस्तको काम सकिएपछि अब मतदान पूर्वतयारीको काम (मतपत्र प्याकिङ, सर्टिङ, रुजु र शिलबन्दी) भइरहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक

# प्रचारप्रसार गर्ने वातावरण सृजना गर्न ध्यानाकर्षण

काठमाण्डु । निर्वाचन आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा राजनीतिक दल तथा उम्मेदवारलाई स्वतन्त्रतापूर्वक निर्वाधरूपमा प्रचारप्रसार गर्न/गराउन सम्बन्धित पक्षलाई पुनःध्यानाकर्षण गराएको छ।

आयोगले आयोगले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई यहीँ कात्तिक २२ गते नेपाल सरकार, गृह मन्त्रालयमार्फत राजनीतिक दल तथा उम्मेदवारलाई स्वतन्त्रतापूर्वक निर्वाधरूपमा प्रचारप्रसार गर्न/गराउन र निर्वाचनमा खटिएका कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक एवं आम मतदातालाई आवश्यक सुरक्षाको प्रत्याभूतिसहित स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनमा सहभागी हुने उपयुक्त वातावरण तयार गर्न निर्देशन दिएको थियो।

चितवनलगायत विभिन्न जिल्लामा उम्मेदवारले निर्वाधरूपले प्रचारप्रसार गर्ने कार्यमा अवरोध तथा निर्वाचनमा सहभागी पक्षहरूबीच विवाद भई सवारीसाधन तोडफोड भएको भन्ने सम्बन्धमा विभिन्न सञ्चारमाध्यमबाट प्रकाशित समाचार तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक भएका विषयप्रति आयोगले आज प्रेस विज्ञप्ति जारी गरी गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जारी गर्नुभएको विज्ञप्तिमा नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन र कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएकोले निर्वाचनमा उम्मेदवार भएका हरेक व्यक्तिलाई प्रतिस्पर्धाको समान अवसर प्राप्त हुने भएको हुँदा सबै राजनीतिक दल एवं सबै उम्मेदवारलाई निर्वाधरूपमा प्रचारप्रसार गर्ने वातावरण सृजना गर्न आयोग गृह मन्त्रालयलाई पुनःनिर्देशनसहित ध्यानाकर्षण गराइएको छ।

आयोगले निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को खण्ड (ख) बमोजिम स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला नगर्न, सोही दफाको खण्ड (च) बमोजिम एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला नगर्न र त्यस्तो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गरी आपसी विवाद वा द्वन्द्वको अवस्था सृजना नगर्न पनि सम्बन्धित सबैमा आग्रह गरेको छ।रासस

# निर्वाचन प्रचारप्रसार अब चार दिन बाँकी

**टुडे समाचारदाता**



काठमाण्डु । मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल र उम्मेदवारले प्रचारप्रसार गर्न अब चार दिनमात्रै बाँकी रहेको छ।

निर्वाचन आचारसंहिताको दफा १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्था अन्तर्गत यही कात्तिक १७ गतेदेखि मंसिर १ गतेसम्म प्रचारप्रसारका लागि निर्धारण गरिएको छ।

मङ्सिर १ गते रातिदेखि प्रचारप्रसार निषेधको शान्त (मौन) अवधि भएकाले उक्त अवधिमा प्रचारप्रसार स्थिर हुने कानूनी व्यवस्था रहेको छ।

आयोगले आचारसंहिताको परिपालना भइरहेको र उल्लंघनका घटनामा कारबाहीको क्रम जारी रहेको जनाएको छ।

# निर्वाचन नजिकिएसँगै सवारी साधन बुकिङ बढ्यो

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिएसँगै सार्वजनिक यातायातको माग बढेको छ।

निर्वाचन आउन एक हप्ता समय बाँकी हुँदा काठमाडौँबाट विभिन्न गन्तव्यमा भोट हाल्न जानेहरुको सङ्ख्या बढेपछि टिकट बुकिङ बढेको हो।

नेपाल यातायात व्यवसाय राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले निर्वाचनमा मतदाता गाउँसम्म लैजान बस बुकिङ्का लागि राजनीतिक दलका उम्मेदवार, नेता तथा कार्यकताएले धमाधम बुकिङ गरेको जानकारी दिनुभयो । "मतदातालाई गाउँमा भोट हाल्न लैजाने भन्दै विभिन्न पार्टीका नेता तथा उम्मेदवारले व्यवसायी र महासङ्घमा फोन गरेर बस बुकिङ गरिरहनुभएको छ,"- उहाँले भन्नुभयो । महासङ्घले गतहप्ता निर्वाचनमा खटिएका नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका लागि दुई सय ८५ बस उपलब्ध गराएको थियो।

## मोटरसाईकल हरायो

जि. धनुषा क्षीरेश्वरनाथ नगरपालिका-५, स्थित घरको अगाडि पाकिङ्ग गरी राखेको मेरो निम्न व्यहोरा भएको कालो/ब्लु रंगको पल्सर १५० सी.सी. मोटरसाईकल २०७९/०७/१२ गते बेलुका करिब ७:०० बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ।

**सवारी धनीको नामः अनिकेश कुमार साह**
**सवारी नं.:** म.प्र.-०२-००-१प-६३७५
**इन्जिन नं.** : DHYRKC65157
**चेसिस नं.** : MD2A11C49KPC18843
**सम्पर्क नं.** : ९८०४८७८९९०

## मोटरसाईकल हरायो

जि. धनुषा जनकपुरधाम उपमहानगरपालिका-८, राणिसती पेट्रोल पम्प चिया पसल अगाडि मा पाकिङ्ग गरी राखेको मेरो निम्न व्यहोरा भएको कालो/ब्लु रंगको पल्सर २२० सी.सी. मोटरसाईकल २०७९/०४/०४ गते दिउँसो करिब १:३० बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ।

**सवारी धनीको नामः शनि कुमार राय**
**सवारी नं.:** प्र.२.०२.०० ३ प. ५४६७
**इन्जिन नं.** : DKXCLG38781
**चेसिस नं.** : MD2A13EX8LCG84479
**सम्पर्क नं.** : ९८१५८२३९४७

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथुन | : अवसर प्राप्त । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# लोसपाका युवाहरु जसपामा



टुडे समाचारदाता

वीरगञ्ज । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल निकट युवा सङ्गठनका जिल्ला इन्चार्जसहित युवाको समूहले जनता समाजवादी पार्टी प्रवेश गरेको छ।

युवा सङ्गठनका जिल्ला संयोजक रवी सर्राफसहितको समूहले आइतबार जसपा प्रवेश गरेको छ। नवप्रवेशीहरुलाई पूर्वमन्त्री प्रदीप यादवले फुलमाला लगाएर पार्टी प्रवेश गराएका छन्।

पार्टी प्रवेश गर्दै सर्राफले देश र जनताको हितका लागि काम गर्ने एक मात्र पार्टी जसपा भएको बताउँदै आफूहरुले दल परिवर्तन गरेको बताए। जसपाले युवाहरुको उचित मूल्याङ्कन गर्दै अगाडि बढाउने भएकोले आफ्नो रोजाईमा जसपा परेको सर्राफको भनाई छ। जसपाले युवा नेता प्रदीप यादव जस्ता व्यक्तिलाई मन्त्री बनाएर सम्पूर्ण युवा वर्गको सम्मान गरेकोले जसपा प्रति युवाहरुको आकर्षण बढ्दै गएको सर्राफले बताए। 'जसपा अन्य पार्टीभन्दा फरक ढङ्गले काम गर्छ। यहाँ युवाहरुको सम्मान हुन्छ,' सर्राफले भने, 'युवा उमेरका प्रदीप यादवलाई सङ्घीय मन्त्री बनाएर जसपाले यो कुरा प्रमाणित गरेको छ।'

सर्राफले पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा जसपा-एमाले गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवारसमेत रहेका यादवलाई आफ्नो पूर्ण समर्थन रहेको बताए। 'पार्टीमा नहुँदा पनि पूर्वमन्त्री प्रदीप यादवको कामबाट म प्रभावित थिए। उहाँले पर्सा जिल्ला र समग्र मधेशको लागि निरन्तर आवाज उठाएर यहाँको विकासका कुनै कसर बाँकी राख्नु भएको छैन। आज उहाँको हातबाट पार्टी प्रवेश गर्न पाउँदा म निकै उत्साहित छु। आगामी निर्वाचनमा हाम्रो पूर्ण समर्थन उहाँलाई नै हुनेछ,' सर्राफले थपे।

पार्टी प्रवेश गराउँदै जसपाको राजनीतिक समितिका सदस्यसमेत रहेका यादवले पनि युवाहरुले जसपा प्रति देखाएको आकर्षणले आफू उत्साहित भएको बताए। यादवले पछिल्लो समय युवाहरुको प्रथम रोजाईमा पर्दै गएको बताउँदै नवप्रवेशी युवाहरुलाई पार्टीले उचित स्थान दिँदै उनीहरुको मूल्याङ्कन गर्ने प्रतिबद्धता पनि व्यक्त गरे।

# १४९ मतदान स्थल अतिसम्वेदनशील, १० हजार भन्दा बढ़ी सुरक्षाकर्मी परिचालन

टुडे समाचारदाता

गौर। रौतहट जिल्लाको १४९ वटा मतदान स्थल अति संवेदनशीलको सूचीमा राखिएको छ। सुरक्षाको चुनौती बढ़ी रहेको मतदान स्थल अति सम्बेदनशीलको सूचीमा राखिएको छ।

आसन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन भय रहित बातावरणमा सम्पन्न गराउनको लागि रौतहटको २७६ मतदान स्थलको अति संवेदनशील, संवेदनशील र सामान्य अवस्थामा बर्गीकरण गरी सोही अनुसारको सुरक्षा व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाहीले जानकारी दिएका छन्।

जिल्लाको १०१ मतदान स्थल सम्बेदनशील र २६ मतदान स्थल सामान्य अवस्थामा राखिएको छ। स्थानीय तहको निर्वाचनमा दोहोरिएर निर्वाचन भएको ठाउँलाइ अति सम्बेदनशीलको सूचीमा राखिएको प्रजिअ शाहीले जानकारी दिए।

११ ठाउँमा दोस्रो पटक निर्वाचन भएको थियो। स्थानीय तहको निर्वाचनमा अतिसम्बेदनशीलमा नपरेको ठाउँ प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा अतिसम्बेदनशीलको सूचीमा समाबेश गरिएको छ।

स्वच्छ, निष्पक्ष र धांधली रहित निर्वाचन सम्पन्न गर्न स्थानीय प्रशासन त्यार रहेको बताउँदै कुनै कसैको डर त्रास भयमा नपरी निधाक्क रुपमा सहभागी भई मतदान गर्न मतदाताहरु संग आग्रह गरेका छन्।

सुरक्षाको लागि जिल्ला भरिमा १० हजार भन्दा बढ़ी सुरक्षाकर्मी परिचालन गरिने प्रमुख जिल्ला अधिकारी शाहीले बताए। शाहीका अनुसार पहिलो घेरा मतदान केन्द्र र मतपेटिकाको सुरक्षाको लागि नेपाल प्रहरी रहने छन् भने दोस्रो घेरामा सशस्त्र प्रहरी खटिने छन्। बाहिरी सुरक्षाको लागि नेपाली सेना परिचालन गरिने छन।

असशक्त, अपांग, जेष्ठ नागरिकका लागि सम्वन्धित मतदान अधिकृतको स्वीकृति लिएर गाडी प्रयोग गर्न पाउने व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी शाहीले जानकारी दिए। सार्वजानिक ठाउँमा प्रयोग गरिएको निर्वचन चिन्ह अंकित झण्डा, बैनर, हटाउने कार्य भई रहेको उनले बताए।

जिल्ला भरीमा मदिरा विक्री वितरण र सेवनमा मतगणना सम्पन्न नभए सम्मको लागि प्रतिबन्ध लगाइएको बताउँदै प्रमुख जिल्ला अधिकारी शाहीले निर्णयको अबज्ञा गरेको पाइएको अवस्थामा निर्वाचन व्यवस्था निर्देशिका बमोजिम क़ानूनी कारवाही समेत गरिने चेतावनी दिएका छन्।

# सवारी आवागमन व्यवस्थापन सम्वन्धी मापदण्ड स्वीकृत

टुडे समाचारदाता

काठमाण्डु । निर्वाचन आयोगले मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरेको छ। सो मापदण्डबमोजिम उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन सवारी साधन प्रयोग गर्नका लागि तोकिएको ढाँचामा सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतसमक्ष निवेदन दिनुपर्नेछ। उम्मेदवारबाहेक अन्य निकाय वा संस्थाले मतदानको दिन सवारी साधन प्रयोग गर्न सम्बन्धित निकाय वा संस्थाको आधिकारिक लेटर प्याडमा सवारी साधन नम्बर, सवारी साधनको किसिम र सवारी साधन प्रयोगकर्ताको नामसमेत उल्लेख गरी अनुमति जारी गर्ने निकाय वा अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ।

स्वीकृत मापदण्डबमोजिम मतदानको दिन अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानको माध्यमबाट यात्रा गर्ने यात्रुहरूको हकमा पासपोर्ट, भिसा र हवाई टिकटका आधारमा बासस्थानदेखि विमानस्थलसम्म र विमानस्थलदेखि यात्रुको बासस्थानसम्मको आवागमनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले सहजीकरण गर्नुपर्नेछ भने अपांगता भई आफैँ हिँडडुल गर्न नसक्ने व्यक्तिको लागि बासस्थानदेखि मतदान केन्द्रसम्म र मतदान केन्द्रदेखि बासस्थानसम्म आवतजावत गर्न अवधि कायम रहेको पूर्ण अशक्त वा अति अशक्त अपांगता परिचयपत्रका आधारमा सवारी साधनको प्रयोग गर्न सकिनेछ। अशक्तताको कारणले आफैँ हिँडडुल गर्न नसक्ने व्यक्तिको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा निर्वाचन अधिकृतले तोकिएको ढाँचामा अनुमतिपत्र जारी गर्न सक्नेछ।

मतदानको दिन बिरामी बोकेको एम्बुलेन्स, खानेपानीको ट्याांकर, दुध बोक्ने सवारी साधन, दमकल, सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन, दूरसञ्चार तथा केबुल सेवाका लागि प्रयोग हुने सवारी साधन, शव वाहन, अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन, निर्वाचन आयोगबाट जारी परिचयपत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन, फोहोरमैला ओसारपसार गर्ने सवारी साधन, तरकारी, फलफूल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन, कूटनीतिक नियोग, युएन एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरूमा कार्यरत पदाधिकारी एवं कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन, विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन, सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन, आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधनका लागि अनुमति लिनुनपर्ने व्यवस्था गरिएको छ। तर त्यस्ता सवारी साधन मतदाता ओसार पसार गर्ने कामको लागि प्रयोग गर्न पाइने छैन।

मापदण्ड विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई आवश्यक कानूनी कारवाही गर्नेछ र मतदानको काम सम्पन्न भएपछि मात्र फिर्ता दिने व्यवस्था गरिएको व्यहोरा अनुरोध छ।

# ७५३ स्थानीय तहका संरचना उपयोग गरिने

टुडे समाचारदाता

काठमाण्डु। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सात सय ५३ वटै स्थानीय तहलाई परिपत्र गरी आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि भवन, परिसर र भौतिक संरचना उपलब्ध गराउन अनुरोध गरेको छ।

मन्त्रालयले शुक्रबार सबै स्थानीय तहलाई परिपत्र गरेर चुनावका लागि आवश्यक भवन, परिसर र भौतिक संरचनाको व्यवस्था गर्न भनेको मन्त्रालयका शाखा अधिकृत चिरञ्जीवी नेपालले जानकारी दिएका थिए।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि सात सय ५३ वटै स्थानीय तहको भवन, परिसर र भौतिक संरचना आवश्यक भएकाले व्यवस्था गरिदिन निर्वाचन आयोगले मन्त्रालयलाई पत्राचार गरेको थियो।

मन्त्रालयले परिपत्रसाथ आवश्यक कारबाही गर्न पनि सबै स्थानीय तहलाई आग्रह गरेको छ। आयोगले प्रत्येक निर्वाचनमा स्थानीय तहसँगको समन्वयमा भवन, परिसर र भौतिक संरचनाको व्यवस्थापन गर्दै आएको छ।

# 'बैंकको ब्याजदर एकल अंकमा हुनुपर्छ'

टुडे समाचारदाता

काठमाण्डु । नेपाल राष्ट्रिय व्यवसायी महासंघले बैंकको ब्याजदरमाथि केन्द्रीय बैंकले हस्तक्षेप गर्नुपर्ने बताएका छन्। महासंघका अध्यक्ष कुमार कार्कीले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै बैंकहरू अचाक्ली ब्याजदर बढाएको भन्दै हस्तक्षेप जरुरी रहेको बताएका छन्।

महासंघले बैंकको ब्याजदर एक अङ्कमा सीमित हुनुपर्ने जनाएको छ। बैंकहरुले सङ्कटको बेला ब्याज बढाएर सामान्य मानवीयता समेत ख्याल नगरेको भन्दै महासङ्घले लिलामीको ३५ दिने सूचनालाई बढाएर छ महिना बनाउनुपर्ने माग गरेको छ।

'सङ्कटको अवस्थामा सामान्य मानवीयता पनि नहेरी पत्रपत्रिकामा ३५ दिने सूचना निकाल्ने र करोडौं मूल्य पर्ने सम्पत्तिलाई थोरै ऋण लिएका भरमा लिलामी गरेर वित्तीय संस्थाले असुल गर्ने कोसिस गरेको पाइएको छ', अध्यक्ष कार्कीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "धितोलिलाम गर्ने सूचना ३५ दिन होइन कम्तीमा पनि ६ महिना हुनुपर्छ र लिलामी गर्नुअघि ऋण चुक्ता गर्न एक वर्षको अवधि दिनुपर्छ।'

# न्यायको लागि हारगुहार

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीकी नेहा चौधरीलाई प्रहरीले न्याय नदिँदा सामाजिक सञ्जाचलमा हारगुहार गर्न थालेकी छन्। उनले न्यायको लागि गरिएको पोस्ट सामाजिक सञ्जाल फेसबुकमा भाइरल भएको छ। औरही गाउँपालिका १ घर भएकी चौधरीलाई उनको श्रीमान रामगोपालपुरका पंकज चौधरीले हिँसा गरेको आरोप लागेकी छन्। नेहाले महोत्तरी महिला सेलमा जाँदा पनि न्याय नपाएको भन्दै न्यायको निम्ति सार्वजनिक रुपमा हारगुहार गरेकी छन्।



नेहाको बिहे रामगोपालपुर महोत्तरीका ३१ वर्षीय डाक्टर पंकज चौधरीसँग आठ महिना अगाडि भएको थियो। उनीहरुको प्रेम पछि विवाहमा परिणत भएको बताइन्छ। विवाहमा डाक्टरको इच्छाअनुसार २० तोला सुन, फर्निचर र अन्य सामान खरिदमा १ करोड २५ लाख खर्च उनले आरोप लगाएकी छन्। विवाह जनकपुरधामको राजदरबार होटलबाट भएको थियो। सासु सासुराको उक्साहटमा डाक्टर श्रीमानूले पटक-पटक पिटेको उनको भनाइ छ। कुटाइका कारण उनको शरीरमा निल डाम बसेको छ। तर पनि परिवारका कुनै पनि सदस्यले आफ्नो गुनासो नसुनेको नेहाले आफ्नो पीडा फेसबुकमा लेखेकी छन्।

उनको श्रीमान काठमाण्डुमा बसेर ग्राण्डी हस्पिटलमा काम गरिरहेका छन्। श्रीमान्को कुटपीटबाट अजित भएपछि नेहाले महिला सेलमा उजुरी गरेकी थिइन्। त्यसको चार दिनपछि दुबै पक्षलाई छलफलको लागि बोलाइएको थियो। त्यसपछि प्रहरीले नै श्रीमान् श्रीमतीलाई सल्लाह गर्न लगाए। प्रहरीको सेलभित्रको गोप्य कोठामा पनि श्रीमान पंकजले हातपात गरेको नेहाले आरोप लगाएकी छन्। प्रहरीले पंकजलाई दुई दिन प्रहरी हिरासतमा पनि राखेका थिए। नेहाले घरेलुहिंसाको मुद्दा दर्ता गराएकै दिन श्रीमान्ले सम्बन्ध विच्छेदको मुद्दा जिल्ला अदालतमा दर्ता गराएका छन्। यस विषयमा महोत्तरीका प्रहरी उपरीक्षक कृष्ण पंगेनीले मुद्दा दर्ता भएको र आवश्यक अनुसन्धान भइरहेको बताए।

# १९८ रनले धनुषा विजयी

टुडे समाचारदाता

जनकपुरधाम । रौतहटको गौरमा जारी प्रदेश स्तरीय अण्डर-१९ क्रिकेट प्रतियोगितामा धनुषा एक सय ९८ रनले विजयी भएको छ। आइतबार भएको खेलमा सप्तरीलाई हराउँदै धनुषा लगातार दोस्रो खेल विजयी भएका छन्।



पहिले ब्याटिङ्ग गरेको धनुषाले निर्धारित ४० ओभर खेल्दै मात्र चार विकेट गुमाएर दुई सय ४४ रनको लक्ष्य सप्तरीसमक्ष प्रस्तुत गरेका थिए। धनुषाका लागि मयान यादवले सार्वधिक एक सय पाँच बलमा एक सय आठ रनको योगदान दिए। उनले दश छक्का र ६ चौका प्रहार गरेका थिए। धनुषाकै अकबर अलिले ९७ बलमा ७४ रन र रञ्जित यादवले २४ बलमा ३९ रन बनाएका थिए।

सप्तरीको लागि बलिङ गर्दै पप्पु यादवले आठ ओभरमा ४४ रन खर्चेर दुई विकेट र प्रशान्त सिंहले आठ ओभरमा ४१ रन खर्चेर एक विकेट लिएका थिए। ठुलो लक्ष्य पाएका सप्तरीको ब्याटिङ निकै कमजोर देखिएको थियो। सप्तरीले निर्धारिता ओभर खेल्न नपाउँदै अल आउट भएका थिए।

२१ ओभर १ बलमा सबै विकेट गुमाएर सप्तरीले मात्र ४६ रन बनाउन सकेका थिए। सप्तरीका कुनै पनि ब्याट्स म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्।

धनुषाका लागि साइनोम रोय र मनोज खत्वेले तीन/तीन, रुपेश यादव र अभिजित यादवले दुई/दुई विकेट लिएका थिए। धनुषाका खेलाडीहरु राम्रो प्रर्दशन गरेका थिए। यो खेलमा सप्तरी लाज्जस्पद हार हारेका छन्। खेलको म्यान अफ द म्याच धनुषाका म्यान यादव घोषित भएका थिए।

# सङ्कटापन्न बगाले बगेडी चरा संरक्षणमा चिन्ता व्यक्त

लेखनाथ । पर्यावरण र जैविक विविधतामा महत्त्व राख्ने सङ्कटापन्न बगाले बगेडी चरा संरक्षणमा स्थानीय तहअन्तर्गतका सरोकारवाला निकायका प्रतिनिधिले जोड दिएका छन्।



पोखरा पन्छी समाजको संयोजकत्वमा आइतबार पोखराको लेखनाथमा आयोजित बगाले बगेडी चरा संरक्षणसम्बन्धी गोष्ठीमा बगाले बगेडी चरासम्बन्धी अनुसन्धानकर्ता अनिषा राणाले साइबेरियन क्षेत्रबाट जाडो छल्न नेपाल आउने उक्त प्रजातिको चरा विश्वव्यापी तथा राष्ट्रियस्तरमै अत्यन्त न्यून सङ्ख्यामा रहेको जानकारी दिनुभयो।

कात्तिक महिनाको अन्त्यमा नेपाल आउने आगन्तुक बगाले बगेडी चरा छ महिना नेपालमै बसेर जेठ महिनामा साइबेरियातर्फ नै फर्किने गर्छन्। पोखराका केही तालको सिमसार क्षेत्रमा यिनीहरूको वासस्थान रहने गरेको छ। अनुसन्धानकर्ता राणाले भन्नुभयो, "सर्वेक्षण गरेअनुसार औसतरूपमा पोखराको फेवा तालमा दुई सय ३० वटा, गुँदे तालमा १२ वटा र खाष्टे तालमा १३ वटा बगाले बगेडी भेटिएको छ। अन्य छ वटा तालमा यो चरा भेटिएको छैन। सिमसार क्षेत्र, कृषि भूमि र घाँसे मैदानमा उक्त चराको वासस्थान रहने गर्छ।

बगाले बगेडी चरा भँगेरा आकारको रङ्गीन र आकर्षक चरा भएको जानकारी अर्का अनुसन्धानकर्ता अमृत पौडेलले दिनुभयो। उहाँका अनुसार यो औसत तौल २२ ग्राम र लम्बाइ १४ देखि १६ सेन्टिमिटर भएको सानो चरा हो। जाडो मौसममा रुस, मङ्गोलिया, चीनलगायतबाट बसाइँसराइ गरेर नेपालमा आउने गर्दछ। यसको औसत आयु सात वर्ष रहेको छ।

पछिल्लो समय मानिसले मासुका लागि यस चराको बढी शिकार गर्न थालेपछि अहिले यो चरा विश्वमै अतिसङ्कटापन्न अवस्थामा पुगेको छ। हरेक वर्ष चीनमा मनाइने 'बाउल फेस्टिभल' मा यसलाई खाने गरिन्छ।

बर्डलाइफ इन्टरनेसनलका अनुसार त्यही फेस्टिभलका बेला एक वर्षमा करिब १० लाख वटासम्म बगाले बगेडीको शिकार हुने गरेको तथ्याङ्कले देखाएको जानकारी पौडेलले दिनुभयो। उत्तरी भूगोलमा प्रजनन गर्ने ती साना आकर्षक चरा नेपालसहित दक्षिण र दक्षिण-पूर्व एशियाली मुलुकतिर जाडो छल्न आउने गरेको उहाँको भनाइ छ।

डिभिजन वन कार्यालय पोखराका वन अधिकृत शालिग्राम पराजुलीले तालतलैयामा फोहर फाल्ने संस्कृति बढ्दै गएको र सिमसार मासिँदै जाँदा बासस्थान विनाश र अव्यवस्थितरूपमा विषादीको प्रयोगलगायतका कारणले बसाइँसराइ गरी आउने पाहुना चरालाई प्रभाव पार्ने गरेको बताउनुभयो।

वातावरण जोगाउने जिम्मा सरकारको मात्र हो भनेर बुझ्नु हुँदैन यो सबैको साझा दायित्व हो, पराजुलीले भन्नुभयो। उक्त अवसरमा बगाले बगेडी चरा संरक्षणसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै नेपालमा आठ सय ८६ प्रजातिका चरा अभिलेखीकरण भएको र विश्वमा ११ हजार दुई सय २५ प्रजातिका पक्षी हेको जानकारी दिइएको थियो। नेपालमा डाँफे, मुनाल, चिरफेजन, खर मयुर, सेतो गरुड, कालो गरुड, सानो खर मयुर र राजधनेस गरी नौ प्रजातिका पन्छीलाई संरक्षित पन्छी भनी घोषणा गरिएको छ। काँडे भ्याकुर नेपालमा मात्र पाइने पन्छी हो।

ग्रीष्म ऋतुमा ६२ प्रजातिका चरा नेपाल आउने गरेका छन् भने हिउँद ऋतुमा १५२ प्रजातिका चरा जाडो छल्न नेपाल आउने गर्दछन्। त्यसैगरी ५० प्रजातिका चरा बटुवाका रूपमा आउनुका साथै ७९ प्रजातिका चरा भने फिरन्तेका रूपमा देखिने गरेका छन्।

सन् २००४ देखि २०१७ सम्मको तथ्याङ्कलाई विश्लेषण गर्दै २०१७ मा आइपुग्दा बगाले बगेडी अतिसङ्कटापन्न अवस्थामा रहेको उल्लेख गर्दै यसको संरक्षणमा सरोकारवालाले चासो दिनुपर्नेमा जोड दिइएको छ। पोखरामा नौ वटा ताल भए पनि यहाँ चोरीशिकारी, वातावरण प्रदूषण, अव्यवस्थित बसोबास, सिमसार क्षेत्र पुरिँदै जाँदा पाहुना चराको आगमन दर घट्दै जाने गरेको जानकारी पोखरा महानगरपालिकाका वातावरण अधिकृत निर्मलमानसिंह भण्डारीले दिनुभयो।

सानो चराले बर्सेनि गर्ने हजारौं किलोमिटरको साहसिक र जोखिमपूर्ण यात्रा आफैँमा रोमाञ्चक रहेको जनाउँदै त्यस्तो चराको संरक्षणमा अन्तरदेशीय समन्वय र सहकार्यको खाँचो देखिएको गुँदे ताल संरक्षण समितिका अध्यक्ष वामदेव ढुङ्गानाले बताउनुभयो। बेगनासताल संरक्षण समितिका प्रतिनिधि कृष्ण ढुङ्गानाले स्थानीयस्तरमा ताल वरपरका बासिन्दालाई पक्षी मैत्री वातावरण सृजना गर्न जनतेतनामूलक कार्यक्रम दिनुपर्नेमा जोड दिनुभयो।

नागरिक समाज पोखराका पूर्वअध्यक्ष रामबहादुर पौडेलले वातावरण र जैविक विविधताका बारेमा राजनीतिक दलका नेतालाई जानकारी गराई नीतिगत रूपमै सिमसार क्षेत्रको महत्त्वको बारेमा जानकारी दिनुपर्नेमा जोड दिनुभयो।

पर्यटन व्यवसायी दामोदरभक्त थापाले पर्यापर्यटनमा चराको ठूलो महत्त्व हुने भएकाले उनीहरूको वासस्थान जोगाई राख्न र हरेक वर्ष ती चरा नेपालमा आउने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो। विकाससँगै विनाश पनि आएकाले सिमसार क्षेत्र मासिँदै गएको भनाइ उहाँको छ।

पोखराका नौ वटै ताल फेवा, बेगनास, रुपा, खाष्टे, न्यूरेनी, मैदी, गुँदे, दिपाङ र कमल ताल चराका लागि संरक्षित स्थान भएकाले ती तालको वातावरण बिगार्ने काम मानवबाट हुन नहुने भनाई फेवा ताल संरक्षण समितिका भरतराज तिवारीको छ।रासस


सुर्यमुखी फुल में मोहर लगा क



धनुषा निर्वाचन क्षेत्र नं. ३ के
प्रतिनिधिसभा सदस्य के स्वतन्त्र उम्मेदवार
अमरेन्द्र कण्ठ के
अत्यधिक मत स जिताउ



चुनाव चिन्ह
सुर्यमुखी फुल
Facebook Page-
SuryaMukhi Ful
Facebook Profile Name -
Amarendra Kantha
सुर्यमुखी करे सब के प्रतिनिधि



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# सरकारी निर्देशन पालना गरौं

प्रतिनिधि र प्रदेश सभाको निर्वाचनलाई भयरहित, स्वतन्त्र र निष्पक्ष बनाउन स्थानीय प्रशासनले मद्यमांसको बेचबिखन र सेवनमा रोक लगाएको छ ।हरेक चुनावको क्रममा मद्यमांसको बेचबिखनमा रोक लगाइने गरिएको छ ।त्यसले सार्वजनिक स्थलमा हो-हल्ला, झैझगडालाई न्युन गर्न सहज हुनेछ ।चुनावमा मतदानको समय नजिकिएसँगै उम्मेदवारहरुले कार्यकर्ता, मतदाता, अगुवाहरुलाई मद्यमांसलेपनि प्रभावित गर्ने प्रयास गर्छन् ।मद्यमांसको व्यवस्थागरि कार्यकर्तालाई भोज गर्ने परिपाटीपनि केहि कम हुनेछ ।प्रशासनले सार्वजनिक रुपमा सुचना जारी गरी मद्यमांसको बिक्री बितरणमा रोक लगाएको छ ।प्रशासनले जारी गरेको निर्देशनलाई सबैले पालना गर्नु आवश्यक छ ।बेचबिखन गर्ने र सेवन गर्ने दुबैले सरकारी दिर्नेशनलाई पालना गर्नु उपयुक्त हुनेछ ।मद्यमांसको बिक्री बितरण बन्द भए उम्मेदवारहरुलाईपनि हाईसञ्चो हुनेछ ।उम्मेदवारहरुले मद्यमांस उपलब्ध नरहेको भन्दै त्यसमा हुने खर्चलाई जोगाउन सक्छन् ।चुनावमा हुने बिबिध खर्चहरु मध्ये मद्यमांसमा हुने खर्च अत्यधिक रहने गरेको छ ।मद्यमांस महँगोपनि रहेको छ ।चुनावको बेला त्यो पूर्ण रुपमा नियन्त्रण हुन सके सबै पक्षलाई राहत हुनेछ ।मदिराको सेवन गर्नेलाईपनि बिक्रीबितरण बन्द भएपछि प्रत्यक्ष फाइदा पुग्नेछ ।मदिराले स्वास्थ्यमा पार्ने प्रभाव र आर्थिक क्षतिबाट जोगिन उपभोक्ताका लागि बिक्रीबितरण गर्नु उपयोगी हुनेछ ।प्रशासनले मद्यपानमा रोक लगाएपनि जनकपुरधाम उपमहानगरपालिकाको मुख्य चोकमा रहेका अधिकांश होटेलहरुले स्टिलको ग्लासमा मदिरा बेच्ने गरेका छन् ।स्थानीय प्रशासनले कडाई गरेपनि उनीहरुले मुख्य ढोका बन्दगरि भित्र मद्यमांसको बेचबिखनलाई निरन्तरता दिने गरेका छन् ।मद्यमांसको बेचबिखन र सेवनलाई प्रशासनले रोक लगाइएको सुचना सार्वजनिक गरिसकेपछि हरेक नागरिक र होटेल तथा मदिरा व्यवसायीहरुले त्यसको पालना स्वयं गर्नुपर्छ ।स्थानीय प्रशासनले त्यसलाई रोक्न प्रहरी परिचालन गर्नुपर्ने अवस्था आउन नदिन सबै पक्ष सचेत हुनु आवश्यक छ ।प्रहरी प्रशासनले नै मदिराको बेचबिखन रोक्न ड्युटी गर्नुपर्ने स्थिति आउनु ठिक होइन् ।चुनावलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन मदिरा र होटेल व्यवसायीहरुको दायित्वपनि हो ।बेच्ने र पिउने दुबै पक्षले आफ्नो समाजिक र व्यवसाकि दायित्व निर्वाह गर्नुपर्छ ।मद्यमांस बेचबिखन र सेवनमा लगाइएको रोकलाई उल्लंघन गर्ने कसैलाईपनि प्रशासनले छुट दिनु हुँदैन् ।निर्देशन अवज्ञा गर्ने व्यवसायी र सेवनकर्तालाई कडा कार्वाही गर्नुपर्छ ।मद्यमांसले चुनावमा ठूलो असर पार्दै आएको छ ।उम्मेदवारहरुले मद्यमांसलाई मतदाता प्रभावित गर्न प्रयोग गर्छन् ।मद्यमांसलाई पूर्ण रुपमा निषेध गर्न सके प्रदेश र प्रतिनिधि सभाको चुनावलाई निष्पक्ष रुपमा सम्पन्न गर्न मद्दत मिल्ने छ ।

# चुनावी ध्रुवीकरणमा रोचक प्रसंग



कुलचन्द्र वाग्ले

राजनीतिमा दलहरुबीच हुने ध्रुवीकरण नौलो र अनौठो होइन । सामाजिक र आर्थिक विषयमा पनि एकरुपता वा भिन्न मान्यता राख्ने दलहरुबीच समेत ध्रुवीकरण हुनेगर्छ । समान धारणाबीच हुने सहकार्य वा नीतिगत सम्मिलन नै ध्रुवीकरणको आधार हो । निर्वाचन हो । स्वदेशी चासो त हुने नै भयो । थप वैश्विक चासो र केही मुलुकको अपेक्षा मिश्रित गहिरो दृष्टिसमेत यहाँ आउने परिणामतिर छ । यसमा कारण छन् । नेकपा (एमाले)मा स्थापित हुने भावी नेताको चर्चा पनि यो चुनावको रोचक विषय हो ।

यतिबेला चाहिँ नेपाली राजनीतिमा चुनावी ध्रुवीकरणको गज्जब दृश्यगोचर भइरहेछ । यसै अर्थलाई कतिपयले झर्रो शब्दमा कित्ताकाट भनिएको हुनुपर्छ । चुनावी गठजोडको कित्ताकाटमा दुई ध्रुव जब्बर शैलीमा प्रतिस्पर्धामा उपस्थित छन् । दुई गठजोडबीच बाजी कसले मार्ला ? अर्थात् प्रतिनिधि सभा र प्रदेश सभामा बहुसंख्यक उमेदवार विजयी बनाएर कुन गठबन्धनले आगामी सरकार(हरु)बनाउला ? वा परिणामले फेरिदिने समीकरणको कारण अहिलेको गठजोडभन्दा फरक सरकार बन्ला ? वा त्यो कस्तो होला ? सबैमा कौतुहल छ ।

प्रतीक्षा लामो छैन । आगामी मंसीर ४ गते मतदानपछि क्रमशः तस्बिरको आकृति बन्नेछ । यसको केही दिनपछि सरकारको आकार प्रस्टिने नै छ । निश्चित चाहिँ के हो भने सरकार बनाउने नेतृत्व यिनै दुई गठबन्धनकै कित्तामध्ये एउटाको भाग्यमा जानेछ । भनिसकियो, दलहरुवबीच चुनावपछिको समीकरण यही वा अर्को कस्तो बन्ला ? तर सरकार गठबन्धनकै बन्ने पनि करिब निश्चितै देखिन्छ । कुनै पनि दललाई एकल बहुमतको सम्भावना यस पटकलाई टरेको छ ।

अहिले निर्मित गठजोड चुनावी परिणामपछि पनि खासै फेरिने परिदृश्य छैन । केही दलको संख्या बढ्ला वा घट्ला तर गठबन्धन यही नै रहने आकलन सही लाग्छ । दुई ध्रुवीय गठजोडलाई चुनौती दिने अन्य शक्तिको उदय यतिबेला सम्भव देखिएन । सत्तासीन र प्रतिपक्षी गठबन्धनबीचको स्पर्धा नै लोकतान्त्रिक गणतन्त्रअन्तर्गतको दोस्रो निर्वाचनको परिदृश्य हो । यस्तो परिदृश्यबीच पनि परिणामगम्य अनुमानको लक्षण आइसकेजस्तो देखिन्छ ।

चुनाव रोचक छ, हुने नै भयो । स्वदेशमा त छ नै विदेशमा बसेका नेपालीबीच पनि कौतुहल पक्कै होला । राजनीतिक गर्मीको यस्तो स्थितिमा आफ्नो अनुपस्थिति कतिपयलाई खट्किएको चुकचुक हुने नै भयो । तिनमा पनि मुलुकी राजनीतिको चासोले अभिभूतहरुको अनुभूति विदेशी मुलुक बस्नेलाई पक्कै मीठो छैन । थप अन्तर्राष्ट्रिय जगतमा पनि नेपाली चुनावी स्पर्धा र परिणामबारे गहिरो चासो हुनुपर्छ । भूराजनीतिक परिवेशमा दक्षिण र उत्तर दुई विशाल वा विश्व शक्ति स्पर्धामा तल्लीन भारत र चीनबीचमा नेपाल छ । यी दुईभन्दा सानो तर भूअवस्थितिको कारण नेपाली चुनावी चर्चा वाह्य विश्वलाई पनि चासो र अपेक्षा मिश्रित प्रतिस्पर्धा हो ।

लोकतान्त्रिक र कम्युनिस्ट भिन्नभिन्न राजनीतिक दर्शन सत्ताले शासित भारत र चीनबीच भूक्षेत्र र जनघनत्वको तौलमा सानो भए पनि नेपाल सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र, लोकतान्त्रिक मुलुक हो । भूराजनीतिक वा सामरिक र लोकतान्त्रिक सार्वभौम विशेषता नै नेपालप्रति अन्तर्राष्ट्रिय चासो रहुनुमा कारण हो । यिनै कारण नेपाली चुनाव वैश्विक हेराइमा समेत परेको छ । छिमेकी चासो त हुने नै भयो । अर्को कारण, लोकतान्त्रिक वाम गठबन्धन र वाम तथा पुरातनवादी भनिने सोचबीच भिन्नाभिन्नै दुई ध्रुवीय चुनावी गठजोड पनि अन्तर्राष्ट्रिय हेराइलाई आकर्षित गर्ने विषय बन्यो । यो परिणामअघिको गठबन्धन हो, परिणामपछिको बाँकी नै छ । झन्डै दुईतिहाइको सरकार असफल भएपछि बनेको सरकार त गठजोडकै थियो । चुनाव पूर्वको 'चुनावी गठजोड'प्रति भने निकै बहस चल्यो । दलका सम्बद्ध कार्यकर्तामा व्यापक असन्तुष्टि जाहेर भयो । आफ्नो सिद्धान्तले रोजेको चुनाव चिन्हमा मतदान गर्न नपाउने गठजोड स्वीकार्य नहुने राय पनि घनघोर आए ।

सिद्धान्तहीन गठबन्धन वा विपरीत सिद्धान्तबीचको सत्तास्वार्थी चुनावी गठजोड भन्दै चिन्तकवृत्तमा व्यापक विरोधसमेत वाद र प्रतिवाद भयो । बहस पनि भयो । कतिपयले यस्तो बहसलाई बुद्धिविलास आरोपित गरे । बुद्धिविलास होइन, बहस सैद्धान्तिक नै थियो । बहस टुङ्गिएको छैन, लम्मिएको चाहिँ छ, प्रकट, अप्रकट । गठबन्धन समर्थकले आआफ्नै तर्क र आवश्यकता बताए । सिद्धान्तको आआफ्नै भुइँमा टेकेर व्यावहारिक गठबन्धन बनाएको आदि दलिल प्रस्तुत गरे । अन्ततः अहिलेको यथार्थ दुई ध्रुवीय गठजोड नै कामयाब भयो । असन्तुष्टि यति चरम थियो कि परिणाम दलका विद्रोही उम्मेदवारको संख्या यसअघि कहिले नभएको संख्यामा देखियो ।

दलहरुको चेतावनीबीच पनि त्यस्ता सयौँ उम्मेदवार चुनावी मैदामा छन् । असन्तुष्टिको ऐना दलहरुले आआफ्ना कार्यकर्तालाई गरेको कारबाहीले नै देखाएको छ । दलका कार्यकर्ताको असन्तुष्टि र विद्रोहको रन्कोले रमाएका सयौं उम्मेदवार स्वतन्त्रको पगरी गुथेर चुनावी मोर्चामा छन् । सरकार चलाउने हैसियत र जिम्मेवारी भने दलकै गठबन्धनतिर जाने निश्चित छ । अनुमानमै सही चुनावी परिणामको आकलन गर्न मिल्ने परिदृश्य क्रमशः उघ्रिएको छ । मत आआफ्नै हुन्छन्, संगत पनि त्यसै समान । एकैछिन मतमुक्त हुँदा परिदृश्य समान गोचर हुनसक्छ ।

दुवै गठबन्धन कोभन्दा को कम भने जस्ता छन् र पनि मतदाता नागरिकको लामो मौनपछि केही मुखर संकेत आएको छ । एकातिर सत्तारुढ गठबन्धनमा सरकारको नेतृत्वकर्ता नेपाली कांग्रेससमेत छ ओटा दल सामेल छन् । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द), नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी, नेसपा (भट्टराई) र राष्ट्रिय जनमोर्चा सत्तासीन गठबन्धनका चुनावी सहयात्री हुन् । गठबन्धनबीचमा यही सत्ता गठजोड बलियो देखिन्छ । प्रतिपक्षी गठबन्धमा नेपाल कम्युनिष्ट पार्टी (एमाले), जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राप्रपा नेपाल, परिवार दल लगायतका पार्टीहरु आबद्ध छन् ।

गठबन्धनबीचको जनशक्ति तुलना गर्दा आगामी सरकार बनाउन अहिलेकै सत्ता पक्षीय गठजोडको तुलो गरुंगो देखिदै छ । परिणामको प्रतीक्षा त हुने नै भयो । रोचक प्रसंगमा, एमालेको लागि अहिलेको चुनाव पार्टी नेतृत्व स्थापित गर्ने पर्व पनि हो । समकक्षीबीच त्यहाँ को स्थापित हुने ? स्पर्धात्मक द्वन्द्व छ । यही द्वन्द्वको आन्तरिक कारण नै आफ्नो दलको भावी प्रधानमन्त्रीमा अध्यक्ष केपी शर्मा ओलीलाई नै घोषणा गर्न एमाले बाध्य भएको हो ।

विश्राम निकट अध्यक्ष शर्मा ओली पार्टीभित्र जसलाई स्थापित गर्न चाहन्छन् उसलाई जिताउन लाग्नेछन् । एक दुई प्रतिपस्र्धी हार्ने छन् । हारको मूल कारण अध्यक्ष स्वयं भए अनौठो मान्नु पर्दैन । राजनीति हो । गलत अभ्यास हुनेगरेकै छ । अध्यक्ष ओलीपछि अहिलेसम्म एमालेमा भरपर्दो राष्ट्रिय नेता स्थापित छैन । ओलीले केहीलाई किनारा लगाइसके । सुवास नेम्बाङ, ईश्वर पोखरेल र शंकर पोखरेल आन्तरिक स्पर्धामा छन् । हेरौँ परिणाम । अन्य दलमा आन्तरिक स्पर्धा एमालेमा जस्तो कठोर छैन । अलिकति रड्कियो भने भावी दिनमा एमाले नेतृत्वहीन वा विशृंखलित हुने लक्षण देखिँदैछ । त्यसपछि संगठन भत्किन थाल्नेछ । राष्ट्रिय, अन्तर ाष्ट्रिय, अन्तर दलीय, आन्तरिक दलीय र गठजोड जस्ता आदि कारण आसन्न चुनावी स्पर्धा र परिणाम अत्यन्त रोचक हुने अहिले नै देखिएको छ ।

# डिजिटल दुनियाँ कहिले बन्छ अपांगतामैत्री ?

**सरिता लामिछाने**

अत्याधुनिक एवं नवीनतम प्रविधि र सूचनाको विकासले समग्र विश्वलाई नै एउटा सानो गाउँमा रूपान्तरण गरेको छ । अधिकांश सार्वजनिक सूचना, सेवा र पठन सामग्री डिजिटल ढाँचामा निर्माण भइरहेका छन् । तथापि त्यसलाई सम्पूर्ण वर्ग र तहका मानिसहरूले समानताको प्रत्याभूतिका साथ उपयोग गर्न सकिरहेका छैनन् । प्रसङ्ग यहाँ अपाङ्गता भएका व्यक्तिहरूको, मस्तिष्क पक्षघात, श्रवण दृष्टिविहीन, बौद्धिक अपाङ्गता, अटिजम र बहुअपाङ्गतालाई लक्षित गरेर अत्याधुनिक र पहुँचयुक्त प्रविधिहरूको परिकल्पना र निर्माणमा सम्बद्ध सरोकारवालाहरूको खासै ध्यान पुगेको देखिँदैन ।

नेपालको सन्दर्भमा जातीय, लिङ्ग, लैंगिक झुकाव, जाति, उमेर, भाषिक अवरोध र आर्थिक वर्गजस्ता सामाजिक गतिशीलताहरू पनि डिजिटल पहुँचमा बहिष्करणको कारण बनेका छन् । नेपाल सरकार आफ्नो सार्वजनिक डाटा र सेवाहरू डिजिटलाइजेसनको (म्भ्निष्तबषिबतष्यल) दिशामा अघि बढेको छ । ई-गभर्नेन्स योजना सन् २००६ देखि लागू भएर कार्यान्वयनको प्रक्रियामा छ । डिजिटलाइजेसनको यो प्रक्रियामा पारदर्शिता र सार्वजनिक परामर्शको अभाव छ । विभिन्न योजना/परियोजनाको कार्यान्वयनको क्रममा प्रायः छुटेको समूहमध्ये एक समूह अपाङ्गता भएका व्यक्तिहरू हुन् ।

**डिजिटल पहुँचयुक्तताको सवाल**

'पहुँचयुक्तता' भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भतापूर्वक जीवन यापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरूपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना, यातायातका साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि सर्वसाधारणलाई खुला गरिएका सेवा तथा सुविधा विनाअवरोध समान रूपमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्छ ।

अपाङ्गता भएका व्यक्तिहरूका लागि उपलब्ध प्रविधिहरूमाथिको पहुँच मात्रै चिन्ताको कुरा होइन । ती डिजिटल प्रविधिहरू प्रभावकारी तरिकाले चलाउन र चलाउन सिक्न पनि अत्यावश्यक छ । विशेषतः डिजिटल पहुँचयुक्ततालाई निर्माण र विकास गरिने सामग्री अथवा विषयवस्तु सबैले प्रयोग गर्न सक्ने भए नभएको, प्रयोगकर्तामा डिजिटल साक्षरता भए-नभएको र प्राविधिक क्षेत्रका व्यक्तिहरूमा पहुँचयुक्तताको ज्ञान भए-नभएको जस्ता तीन पक्षहरूलाई मध्यनजर गरी विश्लेषण गरिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा ९ ले पहुँचयुक्तताको कुरा गरे तापनि विभिन्न सङ्घ संस्थाहरूले निर्माण, प्रकाशन र प्रसारण भएका नवीनतम प्रविधिहरूको आविष्कार र विकासको सिलसिलामा अपाङ्गता भएका व्यक्तिहरूलाई सरोकारवालाको रूपमा लिई परामर्श नलिँदा बनेका प्रविधिहरूले पहुँचयुक्तताको मापदण्डलाई अङ्गिकार गर्न सकिराखेका छैनन् । हाल राष्ट्रिय परिचयपत्र र इ-पासपोर्टको चर्चा यत्रतत्र देखिन्छ, तथापि यो भित्र पनि दर्जनौं चुनौती अपाङ्गता भएका व्यक्तिहरूले झेलिरहेका छन् । यसैमा एक दृष्टिसम्बन्धी अपाङ्गता भएकी महिलाको अनुभवलाई जोडौँ : 'मैले एक अन्तर्राष्ट्रिय अवसर पाउन लागेको थैं । त्यसका लागि मलाई राहदानी आवश्यक पऱ्यो ।

मैले राहदानीको प्रक्रिया सुरु गर्दा राष्ट्रिय परिचयपत्र नबनाई राहदानी लिन मिल्दैन भनेकाले म राष्ट्रिय परिचयपत्र बनाउन बाध्य भएँ । म पूर्ण दृष्टिविहीन र मेरो आँखाको नानी कृत्रिम भएकाले बायोमेट्रिकले (भ्थभ कअबललभच) त्यसलाई लिन सकेन भनेर मलाई खाली हात फर्काइयो । अवसर गुमाउने सुनिश्चितताासाथ निराश भएर फर्कंदा मलाई नीति-निर्माता र कार्यान्वयनकर्ताहरूले अपाङ्गता र अक्षमतालाई पर्यायवाची बनाई उपयुक्त अनुकूलता र पहुँचयुक्ततालाई धज्जी उडाएको महसुस भयो ।'

प्राविधिक क्षेत्रले अपाङ्गता भएका समुदायलाई प्रमुख सरोकारवाला भन्दा पनि लक्षित वर्गका रूपमा मात्र स्वीकार गरेको छ । इन्टरनेट सेवा प्रदायकहरू पनि अपाङ्गताको प्रकृति, विविध आवश्यकता र पहुँचयुक्तताको मापदण्डप्रति खासै संवेदनशील देखिँदैनन् । यहाँ पुनः एक दृष्टि सम्बन्धि अपाङ्गता भएका महिलाको अनुभवलाई जोडौँ : 'म घरमा एक्लै बसिराखेको थैं । त्यही समयमा इन्टरनेटमा समस्या भएर मैले नेपाल टेलिकममा फोन गरे । उहाँहरूले मलाई राउटरमा कुन रङको बत्ती बलिराखेको छ हेर्न आग्रह गर्नुभयो । म अचम्ममा परेँ, उज्यालो र अँध्यारो त दृष्टिको माध्यमबाट छुट्याउन नसक्ने मैले राउटरको हरियो निलो बत्ती कसरी पत्ता लगाउने ?'

# एलियन सम्पर्कः अन्य ग्रहमा पनि जीवन भेटिए के होला?

**ट्याम्लीन म्यागी**
**बीबीसी फ्युचर**

सन् १९८० ताका निकै चलेको फिल्म 'इटि द एक्स्ट्रा-टेरेस्ट्रियल' तथा 'स्टार ट्रेक' का शृत लाहरूको दशकदेखि लिएर आइज्याक आसिमोभ र उर्सुला के ली गुइनजस्ता विज्ञानका आख्यान पुस्तक लेखकहरूले लामो समयदेखि एउटा प्रश्नसँग जुझिरहेका छन्ः यदि साँच्चिकै एलियन अर्थात अर्कै ग्रहका काल्पनिक जीवसँग जम्काभेट भए मानिसहरूले तिनीहरूसँग कस्तो व्यवहार गर्छन् होला ? चलनचल्तीका फिल्म तथा अन्य प्रस्तुतिमा काल्पनिक एलियन वा एक्स्ट्रा टेरेस्ट्रियलहरूलाई दोस्रो दर्जाका नागरिक वा मानवभन्दा तल्लो श्रेणीमा रहेको देखाइन्छ ।



इटि फिल्ममा उसको मानिस साथीले हस्तक्षेप नगरेको भए एलियनलाई शल्यक्रिया कक्षमा काटिन्थ्यो। सन् २०० ९ को फिल्म डिस्ट्रिक्ट ९ मा दशौं लाख 'एलियन प्रोन' हरूलाई दक्षिण अफ्रिकाको झुपडवस्तीमा कोचाकोच गरेर राखिन्छ - मानिसको क्रुरता त्यसमा देखिन्छ । पृथ्वीभन्दा बाहिर एलियन जीवनको प्रमाण हालसम्म फेला परेको छैन। तर त्यसको खोजी एकदमै जारी छ। निकट भविष्यमा त्यस्तो प्रमाण भेटिएपनि अधिक सम्भावना के छ भने त्यस्तो जीवन फिल्म वा टिभीमा देखाइने मानिसजस्तै लाग्ने प्राणीभन्दा मङ्गलग्रहमा कुनै साना जीवाणु कुनै समयमा अस्तित्वमा रहेका चिन्ह जस्ता हुनसक्छन् ।

तर ड्रेक इक्वेसनका अनुसार, तथ्याङ्कशास्त्रीय रूपमा कुरा गर्दा, बाहिर अन्तरिक्षमा कतै बुद्धिमान प्राणी हुनसक्ने सम्भावना छ । "अन्य जीवन भेटिनु र तीसँग सम्पर्क हुनु भनेको त्यसो भएकै दिन नआएसम्म निकै कठिन कुरा हो," यूकेस्थित ओपन युनिभर्सिटीका अन्तरिक्ष विज्ञानका एमेरिटस प्रोफेसर जोन जार्नेकीले भने। "त्यसले मलाई एक्जोप्लानेटहरूबारे स्मरण गराउँछः एक युवा अनुसन्धानकर्ताका रूपमा त्यो हामीले निकै बहस गर्ने विषय थियो। हामी सबैलाई लाग्थ्यो एक्जोप्लानेटहरू होलान् तर तिनको अस्तित्वको प्रमाण भेट्न प्राविधिक रूपमा कठिन थियो ।" तर अहिले हामीलाई थाहा छ एक्जोप्लानेटहरू (सौर्यमण्डलभन्दा बाहिरका ग्रह) छन् र तीमध्ये कतिपयमा त पानी समेत रहेकाले त्यहाँ जीवन हुनसक्ने पनि ठानिएको छ।

**गैर-मानव अधिकार**

मानवजातिले एलियन भेटेमा तिनीहरूसँग राम्रो व्यवहार गर्लान् भन्नेमा लेखकहरू आशावादी पाइँदैनन्। शायद यस ग्रहकै मानिस वा अन्य प्राणीहरूलाई अधिकार दिने विषयको इतिहास त्यसको कारण हुनसक्छ। त्यस्ता अधिकार रक्षाका निम्ति कैयन् अन्तर्राष्ट्रिय सन्धिसम्झौता भए पनि तिनको कार्यान्वयन फितलो छ। सन् १९८२ को चर्चित इटि फिल्ममा मानिस साथीले एलियनलाई जोगाउँछ। तर के वास्तविक जीवनमा पनि त्यस्तो होला? सन् १९८२ को चर्चित इटि फिल्ममा मानिस साथीले एलियनलाई जोगाउँछ। तर के वास्तविक जीवनमा पनि त्यस्तो होला?

कसैले हरण गर्न नसक्ने विश्वव्यापी अधिकार - सबै मानिसका निम्ति ग्यारेन्टी गरिएको अधिकार - लाई अन्तर ाष्ट्रिय समुदायले द्वितीय विश्वयुद्धको त्रासदीपश्चात् सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्रको रूपमा लिपिबद्ध गरेको थियो।तर ती अधिकार लागु गराउने क्षमता अझै सीमित छ। त्यसले पनि यदि मानिसले एलियन भेटे कस्तो व्यवहार गर्ला भन्ने एउटा छनक दिन्छ। हालैका वर्षहरूमा मात्र पशुहरूको अधिकारको विषय उठ्न थालेका छन्।एलियनको विषयमा यस्ता खुला अन्तर्राष्ट्रिय छलफल हुनै बाँकी छन्।

लण्डन स्कूल अफ इकोनोमिक्सकी बाह्य अन्तरिक्षसम्बन्धी कानुनकी विज्ञ जिल स्टुआर्ट ठान्छिन् हाम्रो जीवनकालमा मानिसहरूको एलियनसँग भेट हुनेछैन। तर पनि त्यस्तो भेट भइहाले के गर्ने भन्ने बारे कुराकानी थाल्नु उचित हुने उनले बताइन्। "त्यस्ता भविष्यकेन्द्रीत घटना शायद कहिल्यै नहोलान्। तर पनि यो समग्र प्रक्रियाको आफ्नै महत्त्व छ।"

**हराएको योजना**

बुद्धिमान एलियनसँग जम्काभेट भए मानवले कस्तो व्यवहार गर्नुपर्छ भन्नेबारे अहिले कुनै अन्तर्राष्ट्रिय सहमति वा संयन्त्र नभएको राष्ट्रसङ्घको बाह्य अन्तरिक्ष मामिला सम्बन्धी कार्यालय (युनुसा)का कार्यकारी निर्देशक निक्लास हेडम्यानले भने। अन्तरिक्षमा अस्त्र निषेधदेखि हानि तथा फोहरजस्ता विषयका दायित्वबारे करिब पाँचवटा अन्तरिक्ष सन्धि छन्। तर ती सबैले मानिसले अन्तरिक्षमा गर्ने कार्यलाई नियमसङ्गत पार्ने उद्देश्य राखेका छन्। इन्टर्न् याशनल एकेडेमी अफ एस्ट्रोनटिक्सको सर्च फर एक्स्ट्रा टेरेस्ट्रियल इन्टेलिजेन्स समूहले सन् २०१० मा त्यससम्बन्धी एक प्रारुप बनाएको थियो। बुद्धिमान एलियन जीवनबारे जानकारी पाइएमा के गर्ने भन्ने उल्लेख भएको सो प्रारुपले त्यसो भए राष्ट्रसङ्घ तथा उसको बाह्य अन्तरिक्षको शान्तिपूर्ण प्रयोगसम्बन्धी समिति (कोपुअस)मार्फत् अन्तर ाष्ट्रिय संयोजन गर्न सिफारिस गरेको छ।

तर आवश्यक नपरीकन कुनै व्यापकरूपमा स्वीकार्य अन्तर्राष्ट्रिय प्रारुप बन्ला भन्ने स्टुआर्टलाई लाग्दैन। एउटा निर्धारक तत्व भनको एलियनहरूको नियत वा मनसाय पनि हुनेछः छोटकरीमा भन्दा, उनीहरू मित्रवत् प्रस्तुत हुन्छन् वा आक्रामक। उसोभए कुनै बेला 'उडन तश्तरी' पृथ्वीमा उत्रियो भने के हुन्छ? त्यसका निम्ति कुनै प्रोटोकल सिफारिस भएको छैन। तर स्टुआर्ट भन्छिन् जुन देशको सीमाभित्र ती आइपुग्छन् उसैले अब के गर्ने भनेर प्रारम्भिक छलफल गर्ला।

स्थापित मापदण्डको अभावमा तिनलाई पनि मानव अधिकार प्रदान गर्ने एउटा तरिका हुनसक्छ।पृथ्वीसम्म आइपुग्ने कुनै प्रजाति पक्कै उच्चस्तरको बुद्धियुक्त एवं संवेदनायुक्त हुने ठान्न सकिन्छ र त्यसैले मानव सरह अधिकार दिइनु उचित हुन्छ। कुनै प्राणीमा संवेदना छ कि छैन भन्ने बारे पृथ्वीभित्रै पनि बहस चलिरहेका छन्। उदाहरणका लागि बुद्धिका निम्ति चर्चित अक्टोपसमा संवेदना पनि हुन्छ अनि त्यसले पीडा पनि अनुभूत गर्न सक्छ भन्ने बहस जारी छ। "एलियनको सन्दर्भमा कुरा गर्दा हामीले सोध्नु पर्छः उनीहरू कस्तो किसिमका बुद्धिमान हुन्?" यूकेको प्लिमथ युनिभर्सिटीकी भिजिटिङ प्रोफेसर एवं लेखक सुजन ब्ल्याकमोरले भनिन्।

**एलियन संवेदना**

अर्को महत्त्वपूर्ण विषय चाहिँ पीडा र दुःख अनुभवको क्षमता हो।"के एलियनहरूले पीडा अनुभव गर्न सक्लान्?" ब्ल्याकमोरको जिज्ञासा छ।"यदि हो भने उनीहरूप्रति हाम्रा केही नैतिक दायित्व हुनेछ। त्यसैको आधारमा कानुनी प्रारुप शायद बनाइनुपर्छ।" नैतिकशास्त्री पिटर सिङ्गर जसले एक्स्ट्रा टेरेस्ट्रियल तथा पशुहरूको अधिकारबारे लेखेका छन्, उनी ठान्छन् संवेदनाको क्षमता मुख्य निर्धारक तत्व हुनेछ। "अनुमान गरौँ एलियन संवेदनायुक्त रहेछ र उसले पीडा वा खुशी अनुभूति गर्न सक्ने रहेछ अनि उसका अन्य इच्छा आकाङ्क्षा रहेछन् भने त्यसको भेउ पाउन हामीलाई समय लाग्न सक्छ। त्यसैले आधारभूत नैतिक सिद्धान्त हामीले सबैलाई लागु गराउनु पर्छ," उनले भने । "धेरै कुरा त एक्स्ट्रा टेरेस्ट्रियलहरूको क्षमतामा भर पर्छ। यदि उनीहरू हामीभन्दा धेरै उन्नत रहेछन् भने हामीले तिनको क्षमता ठम्याउन पनि नसक्लाउँ।" गैर-मानव अधिकार परियोजना भन्ने अमेरिकी संस्थाले गैर-मानवको अधिकार सुरक्षित गर्ने उद्देश्य राख्छ। "आजको दिनमा अमेरिकामा जन्मिएको प्रत्येक मानिसको मौलिक अधिकार हुन्छ। तर इतिहास हेर्ने हो भने सबै मानिसले बराबरी अधिकार पाएका थिएनन्," गैर-मानवअधिकार परियोजनाका एकजना वकिल जेक डेभिसले भने। "मेरो इच्छा के छ भने यदि एलियन हाम्रो सम्पर्कमा आए भने र यदि ती आक्रामक छैनन् भने हामीले तिनलाई आफूसरह ठानी समिक्षा गर्नुपर्छ र सोही अनुरूप अघि बढ्नुपर्छ।"

**यदि हामीले अर्को ग्रहमा एलियन जीवन भेट्टायौँ भने के होला?**

एक्स्ट्रा टेरेस्ट्रियलको खोजी अनि ब्रह्माण्डमा जीवनको उत्पत्ति तथा प्रकृतिबारे बुझ्ने उद्देश्यले स्थापित सेटी इन्स्टिच्युटका वरिष्ठ खगोलविद् सेथ शोस्टाक हाम्रै जीवनकालमा मानवको एलियनसँग कुनै किसिमको सम्पर्क हुनेमा आशावादी छन्। तर त्यस्तो सम्पर्क दुई किसिमको हुनसक्ने हुनाले त्यसलाई छुट्ट्याएर बुझ्नु जरुरी भएको उनले बताए। पृथ्वीमा कुनै एलियनको भ्रमण हुनुभन्दा धेरै सम्भावना हामीले प्राविधिकरूपमा उन्नत एलियन जीवबाट कुनै सङ्केत वा चिन्ह प्राप्त गर्न सक्छौँ। यदि त्यस्तो सङ्केत प्राप्त भए तत्काल प्रतिक्रिया दिनु पर्ने हतारो हुनेछैन किनभने त्यस्ता सङ्केत वा सन्देश यहाँ आइपुग्न अनि यहाँबाट फेरि फिर्ता उतै पुग्न निकै लामो समय लाग्छ। हामीले सोचविचार गरेर जबाफ दिनसक्छौँ। तर एलियनको वास्तविक भ्रमण नै भयो भने त के बुझ्नुपर्छ भने तिनको सभ्यता हाम्रोभन्दा प्राविधिकरूपमा निकै नै उन्नत हुनुपर्छ।"यदि उनीहरू यहाँ आइपुगे भने त उनीहरू हामीभन्दा निकै उन्नत हुनेछन्," शोस्टाकले भने। त्यसो भएको खण्डमा उचित प्रश्न त यस्तो हुनसक्छः के हाम्रा नयाँ एलियन मालिकहरूले हामीलाई हाम्रा अधिकार उपभोग गर्न देलान ? "ती आक्रामक भए तपाईँ के गर्नुहुन्छ ?" शोस्टाक सोध्छन्। "त्यो भनेको त मानिसको नियान्डरटाल प्रजातिले अमेरिकी वायुसेनासँग जम्काभेट गर्न खोजेजस्तै होः नियान्डरटालसँग जतिसुकै नीति भएपनि त्यसको के अर्थ रहन्छ र ?"

# कर्णालीलाई सुगम बनाउनु छ : अध्यक्ष ओली



मान्म । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले कर्णालीको विकटता सुगमतामा बनाउनु पर्ने बताउनुभएको छ ।

एमालेले कालीकोटको रास्कोटमा आयोजना गरेको चुनावीसभालाई आइतबार सम्बोधन गर्दै उहाँले कर्णालीका धेरै ठाउँमा पुगेका सडकहरूलाई पक्की बनाई सुगम बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

सडक त पुगेको छ, पक्की सडक बनाउनु छ, विकटता छ', उहाँले भन्नुभयो, "यसलाई सुगम गर्न जरुरी छ ।

सुगम बनाउन सजिलो पनि छैन ।' अध्यक्ष ओलीले कर्णालीका विकासको खाका एमाले पार्टीले कोरेको बताउनुभयो । हामीले देश विकासका लागि सुरुङ बनाउन, स्वास्थ्य क्षेत्रमा विकास, पूर्वाधार क्षेत्रमा विकासको सुरुआत गरेका छौं', उहाँले भन्नुभयो, "यी डाँडाकाँडाहरूमा सधैँ रोजगारी पाउने र आम्दानीको स्रोत बढाउने गरी विकास गर्न आवश्यक छ ।'

अब केही दिनपछि चुनाव आउँदैछ भन्दै अध्यक्ष ओलीले निर्वाचनले यो देश कता जाने भन्नेबारे फैसला गर्ने बताउनुभयो । 'यो देशको राष्ट्रियता, स्वतन्त्रता, स्वाभिमान माथि उठाउने र स्वाधीन बनाउने मौका आएको छ', उहाँले भन्नुभयो ।

# 'भ्रष्टाचार नियन्त्रण, विकास र परिवर्तन'

चितवन । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि जिल्लाका राजनीतिक दलसँगै स्वतन्त्र उम्मेदवार पनि घरदैलोमा व्यस्त छन् ।

जिल्लाका तीन प्रतिनिधिसभा र ६ प्रदेशसभा निर्वाचनका लागि एक सय १४ जना उम्मेदवार मैदानमा छन् । जसमध्ये ४७ जना स्वतन्त्र उम्मेदवार हुन् । उनीहरुले आफ्ना मुद्दासहित घरदैलो कार्यक्रम गरिरहेका छन् ।

चितवन क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवारी दिनुभएका राजन न्यौपाने अहिले मतदाता भेट्ने कार्यक्रममा व्यस्त हुनुहुन्छ । आफ्ना सीमित मुद्दा लिएर जनतामाझ गएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "म सुशासन, भ्रष्टाचार नियन्त्रण र विकास निर्माणका मुद्दा लिएर जनतामाझ गएको छु ।" देशमा बढ्दो भ्रष्टाचार नियन्त्रण गर्न दलका उम्मेदवारले नसक्ने भन्दै उहाँले यसका लागि स्वतन्त्र उम्मेदवारको जीत आवश्यक रहेको बताउनुभयो ।

स्थिर सरकार स्वदेशमा रोजगार, शिक्षा स्वास्थ्य, आवासको सुविधा सर्वसुलभ बनाउन सके जनताको जीवनस्तरमाथि उठ्ने अठोटका




साथ उहाँ चुनावी मैदानमा होमिनु भएको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा १० जना स्वतन्त्र उम्मेदवार छन् । उनीहरु यस्तै मुद्दा र नाराका साथ निर्वाचनका लागि मतदाता सामू पुगेका छन् ।

क्षेत्र नम्बर २ मा छ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । स्वतन्त्र उम्मेदवार देवीका कुँवरले कृषि, शिक्षा स्वास्थ्य, लैंगिक समानता जस्ता मुद्दा बोकेर मतदातासँग मत माग्दै हुनुहुन्छ ।

उहाँले भन्नुभयो, "कृषिमा आत्मनिर्भर, गुणस्तरीय शिक्षा, सबैको पहुँचमा स्वास्थ्य सेवा हाम्रा मुख्य मुद्दा हुन् ।" उहाँले सामाजिक तथा लैङ्गिक समनता, विपन्न समूदायको विकास, पर्यटन क्षेत्रको विकास, सुकुम्वासीको दिगो समाधान लगायतका मुद्दा लिएर घरदैलो गर्दै आउनुभएको छ ।

अर्का स्वतन्त्र उम्मेदवार अङ्गुर पन्त पनि चितवन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका लागि मैदानमा हुनुहुन्छ । उहाँले देशमा सुशासन कायम गर्दै राज्यबाट उपलब्ध सेवा सुबिधा जनतासम्म पुर्‍याउने बताउँदै आउनुभएको छ । उहाँले जनतालाई सीप र शिक्षा जोड्दै देशको विकासका लागि आफ्नो उम्मेदवारी रहेको बताउनुभयो । त्यसैगरी स्वतन्त्र उम्मेदवार हरि तामाङ पार्टीभित्रको गलत प्रवृत्तिको अन्त्यका लागि आफूले उम्मेदवारी दिएको बताउनुभयो । समाजमा देखिएको निराशालाई आशामा बदल्न आफ्नो उम्मेदवारी रहेको उहाँको भनाइ छ ।

चितवन क्षेत्र नम्बर ३ मा दलका तर्फबाट भन्दा स्वतन्त्र उम्मेदवार धेरै छन् । २०७० सालको संविधानसभा निर्वाचनपछि चर्चामा रहेको यस क्षेत्रमा राजनीतिक दलबाट आठ जना र १२ जना स्वतन्त्रले उम्मेदवारी दिएका छन् ।

जिल्लाभर चार लाख आठ हजार तीन सय ४२ मतदाता छन् । जसमध्ये महिला दुई लाख नौ हजार तीन सय नौ र पुरुष एक लाख उनान्नसय हजार ३२ जना रहेका छन् । एक सय ६१ मतदानस्थलमा रहेका चार सय ६० मतदान केन्द्रबाट उनीहरुले मतदान गर्ने छन् ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नंम्बर १ मा एक लाख ३९ हजार आठ सय ४५ मतदान रहेका छन् भने क्षेत्र नं २ मा एक लाख २४ हजार दुई सय १४ र ३ मा एक लाख ४४ हजार दुई सय ८३ जना छन् ।


यस्तै प्रदेशसभा निर्वाचन क्षेत्र नं १ अन्तर्गत प्रदेशसभा १ मा ६६ हजार १५ र प्रदेशसभा २ मा ७३ हजार आठ सय ३० जना मतदान रहेका छन् । त्यसैगरी निर्वाचन क्षेत्र नमबर २ अन्तर्गत प्रदेशसभा १ मा ६१ हजार नौ सय ७३ र प्रदेशसभा २ मा ६२ हजार दुई सय ४२ मतदाता छन् । साथै, निर्वाचन क्षेत्र नम्बर ३ अन्तर्गत प्रदेशसभा १ मा ७८ हजार दुई सय ८६ र प्रदेशसभा २ मा ६५ हजार नौ सय ९६ जना मतदान छन् ।रासस

# गर्ने नेतृत्व आवश्यक छ : प्रवक्ता डा महत

नुवाकोट । नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले मुलुकमा काम गर्ने राजनीतिक नेतृत्वको आवश्यकता रहेकाले आसन्न निर्वाचनमा त्यस्तो नेतृत्व छान्न नेपाली नागरिकसँग आपिल गर्नुभएको छ ।

नुवाकोट क्षेत्र नम्बर १ को ककनी गाउँपालिकामा लोकतान्त्रिक गठबन्धनद्वारा आज आयोजित चुनावीसभालाई सम्बोधन गर्दै प्रवक्ता महतले नेपालमा कुरा मात्र गर्ने नभएर काम गर्ने नेतृत्वको अवश्यकता छ र वर्तमान नेपाली कांग्रेस नेतृत्वको गठबन्धनले काम गर्ने भएकाले सोही गठबन्धनका उम्मेदवारलाई विजयी गराउनुपर्छ भन्नुभयो ।

उहाँले नेकपा (एमाले) लाई काम नगर्ने कुरा मात्र गर्ने पार्टीको सङ्ज्ञा पनि दिनुभयो । अर्को एक प्रसङ्गमा उहाँले नेपालमा सबै प्रजातान्त्रिक शक्तिहरुलाई जोड्ने नेतृत्वको आवश्यकता रहेको पनि उल्लेख गर्नुभयो । एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नै पार्टीलाई पनि एकताबद्ध बनाइ



राख्न नसकेको आरोप लगाउँदै उहाँले नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेसलाई मात्र एक राखेको नभएर अरु वामपन्थी शक्तिलाई सरकारको गठबन्धनमा राखेर नेतृत्व प्रदान गर्न सकेको दृष्टान्त पेश गर्नुभयो ।

उहाँले भन्नुभयो, " प्रचण्डको नेतृत्वमा नेकपा (माओवादी केन्द्र) र माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकिकृत समाजवादी) बन्यो तर नेपाली कांग्रेसले सिद्धान्त फरक भएका पार्टीहरुलाई पनि देशको आवश्यकता ठानी सँगै लिएर हिँडेको छ, हामीले पार्टीलाई एकतामा बाधेका छौं, त्यसैले अबको निर्वाचनमा कांग्रेस नेतृत्वको गठबन्धनलाई नै छान्न आग्रह गर्नुभयो ।

यस पटकको निर्वाचनमा कांग्रेस नेतृत्वले सबैको सल्लाह बमोजिम नै सर्वसम्मत रुपमा टिकट वितरण गरेको र अन्य दलहरुहरुको समेत केही गुनासो नरहने गरी गठबन्धन अघि बढेकोले आगामी निर्वाचनमा यही गठबन्धनका पक्षमा स्पष्ट बहुमत आउने दाबी पनि गर्नुभयो ।

प्रवक्ता डा महतले निर्वाचनपछि यही गठबन्धनकै सरकार निर्माण हुने भन्दै सरकार निर्माण गर्न गठबन्धन गर्ने पार्टीको खोजी गर्न नपर्ने गरी निर्वाचनमा होमिएको प्रसङ्ग पनि उल्लेख गर्नुभयो । उहाँले संविधानको रक्षा, स्थिरता र समृद्धिको साझा लक्ष्य लिएर दलहरुबीच गठबन्धन भएको उहाँको भनाई छ । "सत्ता गठबन्धन दलले लय लिइसकेको छ ।रासस

# आर्थिक विकास र समृद्धिका लागि गठबन्धन : वरिष्ठ नेता पौडेल

तनहुँ । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पाएका उपलब्धिको रक्षा गर्दै आर्थिक विकास र समृद्धिको लागि गठबन्धन भएको बताउनुभएको छ ।

जिल्लाको व्यास नगरपालिका-९ मा आज आयोजित कार्यकर्ता भेटघाटमा उहाँले पाँच दलीय गठबन्धन अपरिहार्य रहेको, देशमा सुशासन कायम कायम गर्न र भ्रष्टाचार नियन्त्रणका लागि जोड दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

जिल्लाको विकासमा हिजो सत्तामा रहँदा र नरहँदा देश र जिल्लाको विकासमा लाग्दै आएको र आउँदा दिनमा पनि काम गर्ने स्पष्ट पार्नुभयो । कहीँ कतै बिचलित नभई गठबन्धन शक्तिलाई जिताउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'अधूरा काम पूरा गर्नेछु, जनता सामु बोलेका कुरा व्यवहारमा लागू गरेर छाड्ने बाचा गर्छु ।'

सत्तामा जान र पदका लागि मात्रै गठबन्धन नभएको उल्लेख गर्दै नेता पौडेलले लोकतन्त्र, गणतन्त्र र संविधान जोगाउनको लागि पार्टी गठबन्धन गरिएको स्पष्ट पार्नुभयो ।

गाउँका युवा शक्तिलाई विदेशिनबाट रोक्नका लागि स्वदेशमा बसेर रोजगारी गर्ने अवसरको ढोका खोलेर आर्थिक क्रान्ति गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।रासस

# कालीगण्डकीको सभ्यता सङ्कटमा पर्न दिन्न : डा कोइराला

कावासोती । नेपाली कांग्रेसका नेता एवं पूर्वी नवलपरासी प्रतिनिधिसभा क्षेत्र नं १ का उम्मेदवार डा शशाङ्क कोइरालाले कालीगण्डकी सभ्यतालाई नै सङ्कटमा पारी सुरु गर्न खोजिएको कालीगण्डकी डाइभर्सन परियोजना अगाडि बढ्न नदिने बताउनुभएको छ ।

चुनावी क्षेत्रअन्तर्गतका कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले कालीगण्डकी डाइभर्सनले कालीगण्डकी सभ्यता नै सङ्कटमा पार्ने भएकाले यो डाइभर्सन परियोजना अगाडि बढ्न नहुने बताउनुभयो ।

त्रिवेणी-देवघाट हुँदै मुक्तिनाथ जोड्ने कालीगण्डकी नदी धार्मिक, सांस्कृतिक, आर्थिक र पर्यावरणीय हिसाबले नदी क्षेत्रका बासिन्दाको प्राण भएको भन्दै कोइरालाले प्रभावित क्षेत्रको जीवनसँग यसको अस्तित्व जोडिएका हुँदा कालीगण्डकी डाइभर्सन अगाडि बढ्न नहुने दाबी गर्नुभयो ।

"कालीगण्डकी धार्मिक आस्थाको नदी हो, हाम्रो संस्कार र संस्कृति हो, आयोजनाले केही निश्चित व्यक्ति र समूदायलाई फाइदा होला तर प्रभावित क्षेत्रको जीवनसँग यसको अस्तित्व जोडिएको छ", उहाँले भन्नुभयो । कोइरालाले डाइभर्सन निर्माण भए फाँट उजाड हुने, तापक्रम बढने र तापक्रमको असर मानवसँगै पशुपक्षी र चराचुरुङ्गीमा पनि पर्ने भएकाले पर्यावरणीय र धार्मिक महत्व बोकेको नदीलाई डाइभर्सन गर्न नहुने बताउनुभएको हो ।

"कुनै पनि हालतमा यो परियोजना अगाडि बढाउनु हुँदैन, यो धार्मिक तथा ऐतिहासिक नदी हो, आन्तरिक तथा बाह्य पर्यटनको केन्द्र नदी हो, पानी डाइभर्सन भइसकेपछि यो क्षेत्र मरुभूमितुल्य हुन्छ, यस क्षेत्रमा नदीलाई नै आधार बनाएर लिफ्ट खानेपानी, सिँचाइका आयोजना सञ्चालन सुरु भएका छन्", उहाँले भन्नुभयो ।

यसअघि केपी शर्मा ओली नेतृत्वको सङ्घीय सरकारले कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजना अगाडि बढाउँदा प्रभावित स्थानीय तह, जनप्रतिनिधि तथा प्रभावित क्षेत्रका बासिन्दाको चर्को विरोध गरेका थिए । बुटवलमा आयोजनाको अध्ययन कार्यालय स्थापना भएपछि पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरका प्रभावित क्षेत्रमा पर्ने दश स्थानीय तहहरुले विरोध गरेपछि योजना स्थगित भएको थियो ।रासस

# स्थानीय जनता नेतृत्वमा नपुग्नु नै काँठ क्षेत्रको दुर्भाग्य

काठमाण्डु । काठमाण्डु निर्वाचन क्षेत्र नं ६ अन्तर्गत उत्तरतर्फको झोर र साङ्ला क्षेत्रका जनता प्रभावशाली नेतृत्व नपाउँदा राणाकालमै लरी चलेको काँठक्षेत्र आइतबारसम्म पनि उपेक्षित हुन पुगेको गुनासो गर्छन् । यसपटकको संसदीय निर्वाचनमा काँठ क्षेत्रलाई साँच्चिकै माया गर्ने जनप्रतिनिधि छनोट गर्ने पक्षमा आफूहरुबीच कुराकानी भइरहेको जानकारी दिँदै उत्सुकताका साथ मङ्सिर ४ गतेको निर्वाचन पर्खिरहेको उनीहरु बताउँछन् ।



राणा शासकले यस क्षेत्रबाट घाँस र पानी ढुवानीका लागि बालाजु हुँदै शिवपुरी पहाडको फेदीसम्म ल्याएको बाटो संरक्षणको अभावमा अहिले मासिएको उल्लेख गर्दै काँठवासीले पञ्चायत ढाली ल्याइएको बहुदलीय व्यवस्था र गणतन्त्रमा समेत आफूहरू उपेक्षित हुनु परेकामा दुःख व्यक्त गरेका हुन् । विकास निर्माणका दृष्टिले पछाडि परेको उपत्यकाकै केन्द्रीय भाग रत्नपार्कबाट उत्तर करिब १५ किलोमिटर दूरीमा अवस्थित यो निर्वाचन क्षेत्रअन्तर्गतबको झोर र साङ्लासहित आसपासको क्षेत्रलाई काँठ क्षेत्रका रूपमा लिइन्छ ।

राजनीतिक पार्टीका नेताबाट हरेक निर्वाचनअघि विकास निर्माणसहित काँठ क्षेत्रका जनताको जीवनस्तर सुधार गर्ने आश्वासन प्राप्त हुनेगरेको स्मरण गर्दै अहिलेसम्म ठगिएपनि सचेत काँठका जनता अब कोही कसैको भुलभुलैयामा नपर्ने बताउँछन् । यसअघिका निर्वाचनमा जस्तै मङ्सिर ४ गतेसम्म आश्वासन बाँड्नेक्रम सुरु भएको जानकारी दिँदै अब व्यक्ति, पार्टी एवं विचारभन्दा पनि माथि उठेर काँठ क्षेत्रलाई माया गर्ने उम्मेदवारका पक्षमा मतदान गर्ने उनीहरुको योजना छ ।

काँठ क्षेत्रमा जन्मे हुर्केका व्यक्ति अहिलेसम्म पार्टी नेतृत्व र संसद्मा पुग्न नसक्नु नै यस भेगको दुर्भाग्य भएको उल्लेख गर्दै टोखा नगरपालिका वडा नं १ झोर निवासी बृद्ध सुशील अधिकारी भन्नुहुन्छ, "जहिले पनि सहरका टाठाबाठाले टिकट पाउँछन्, चुनाव तिनैले जित्छन्, आफूअनुकुल बजेट खेलाउँछन् र काँठ क्षेत्रलाई बिर्सन्छन् । भोट हाल्दाहाल्दै हामी नै लौरो टेक्ने अवस्थामा आइपुग्यौँ, अब त अति भयो, यसपटकको निर्वाचनमा काँठ क्षेत्रलाई माया गर्ने उम्मेदवारलाई भोट हाल्ने गरी सल्लाह गरिरहेका छौँ ।"

देश र जनताको भाग्यको फैसला गर्ने ऐतिहासिक संसदीय निर्वाचनमा काँठबासीले यसअघिजस्तै उत्साहका साथ भाग लिने विश्वास व्यक्त गर्दै झोर निवासी अर्का बृद्ध तथा अवकाशप्राप्त राष्ट्रसेवक कर्मचारी नारायणबहादुर खत्री भन्नुहुन्छ, "गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, ठूला उद्योग-कलकारखाना र कालोपत्रसहितको चौडा सडक नभएसम्म काँठ क्षेत्रको वास्तविक विकास असम्भव छ । सामाजिक, सांस्कृतिक तथा आर्थिक दृष्टिले करिब उस्तै परिस्थिति रहेको समग्र काँठ क्षेत्रको विकास र समृद्धिका पक्षमा मतदान गर्न काँठबासी सबैमा अनुरोध गर्दछु ।"

हामीले भोट हालेका पार्टीका नेताहरू पटक-पटक मन्त्री भए पनि काँठ क्षेत्रले कहिल्यै केही नपाएको गुनासो गर्दै अर्का बृद्ध मोहन लामिछाने यसपटकको संसदीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका पक्षमा मतदान गर्ने कि भनी टोल, छिमेकमा कुराकानी भइरहेको बताउनुहुन्छ । झोर निवासी भूतपूर्व सैनिक गोविन्द अधिकारी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मिति नजिकिए पनि सडकमा माइकिङ गरी हिँड्नेबाहेक जनताको घरदैलोमा उम्मेदवार अझैसम्म नआएको, स्थानीय पार्टीका नेता तथा कार्यकर्ताको उत्साहमा कमी देखिएको, चोक तथा दोबाटोमा भेला भई झैझगडा एवं भनाभन गर्नेक्रम न्यून रहेको, निर्वाचनको माहोल सिर्जना नभएकोजस्तो देखिएको र निर्वाचन प्रचारप्रसारका क्रममा यसअघिका जस्तो तडकभडक नदेखिएकामा आश्चर्य प्रकट गर्नुहुन्छ ।

सोही क्षेत्रअन्तर्गतको तारकेश्वर नगरपालिका-१ साङ्ला निवासी श्यामकृष्ण कुँवर राजनीतिक पार्टी र तिनका नेताहरूलाई साथ दिँदै आएको उपत्यकाको काँठक्षेत्र सदैव उपेक्षित हुनुपरेकामा दुःख व्यक्त गर्दै अब आवेगमा नभइ विवेकका आधारमा मतदान गरी काँठप्रेमी जनप्रतिनिधि छान्ने तयारी भइरहेको बताउनुहुन्छ ।

साङ्लाकी विष्णुमाया तामाङ भन्नुहुन्छ, "गाउँटोलमा निर्वाचनको हल्लीखल्ली भए पनि त्यसतर्फ लाग्ने फूर्सद छैन, काम नगरे खान पाइदैन, तर मङ्सिर ४ गतेका दिन भने सबैथोक छोडी मन परेको उम्मेदवारलाई भोट हाल्ने नै हो ।" पीछडिएका झोर तथा साङ्ला र आसपासका क्षेत्रमा रहेका अव्यवस्थित सडक तथा बाटोघाटो व्यवस्थित गर्न र शुद्ध पानी आपूर्ति गर्न प्रतिबद्धता व्यक्त गर्ने उम्मेदवारलाई मतदान गर्न विषयमा छलफल भइरहेको त्यहाँका बासिन्दा बताउँछन् ।

त्यस्तै कृषि, मलखाद, बिउबीजन, विषादी र प्राविधिकको व्यवस्था गर्न, कृषि तथा दुग्धजन्य उत्पादनको बिक्री कक्ष निर्माण गर्न, बेरोजगार स्थानीय युवालाई सीपमूलक तालिमको व्यवस्थासहित रोजगार बनाउन , कुलतमा फसेका युवाको जीवन सुधार गरी भविष्य सुनिश्चित गर्न, प्राविधिक तथा व्यावसायिक शिक्षालय स्थापना गर्न, ठूला लगानीका उद्योग सञ्चालनका लागि लगानी आकर्षित गरी रोजगारी सिर्जना गर्न र गाउँमै पेसा व्यवसायमा गरी खान पाउने व्यवस्था गर्नसक्ने उम्मेदवारलाई मतदान गर्ने पक्षमा काँठबासी रहेको देखिन्छ ।

उक्त निर्वाचन क्षेत्रमा बामलोकतान्त्रिक गठबन्धनका तर्फबाट पूर्वमन्त्री भीमसेनदास श्रेष्ठ, नेकपा एमालेको तर्फबाट पूर्वप्रहरी प्रमुख सर्वेन्द्र खनाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनालसहित २४ जना प्रतिनिधिसभा सदस्यका लागि प्रतिस्पर्धामा हुनुहुन्छ ।रासस

# चित्त बुझ्नेगरी सुकुम्बासी समस्या समाधान गर्छु : नेता सिंह

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले काठमाण्डु क्षेत्र नं १ का सुकुम्बासीको समस्या समाधानका लागि पहल गर्ने बताउनुभएको छ ।

समस्या समाधानका लागि भूमि आयोग बनेको भन्दै त्यसले दिने प्रतिवेदनलाई आधार मानेर समस्याको समाधान निकाल्ने उहाँले बताउनुभयो ।

नेता सिंहले भन्नुभयो "भूमि आयोगले काम सुरु गरिसकेको छ, निर्वाचन आयोगले निर्वाचनको समयमा काम रोक्नु भनेकाले अहिले रोकिएको छ ।"

थापाथलीस्थित वाग्मती नदी किनारको बस्तीमा आयोजित कार्यक्रममा प्रतिवेदन आइसकेपछि त्यसलाई अध्ययन गरेर स्थायी समाधान निकाल्ने प्रतिबद्धता नेता सिंहले जनाउनुभयो । समस्या समाधान गर्दा जबरजस्ती नभइ भूमिहीनको पनि चित्त बुझाएर काम गर्ने उहाँको प्रतिबद्धता छ ।

सरकार र सुकुम्बासीलाई पनि हुने गरी जीत, जीतको मान्यता अनुसार समस्या समाधान गर्नेमा नेता सिंहको जोड थियो । मतदाताले सरकारी कार्यालयको कामकाज झन्झटिलो र ढिलो भएको भन्ने गुनासो गरेको भन्दै उहाँले सरल र छिटोछरितो बनाउन पनि पहल गर्ने जानकारी गराउनुभयो ।रासस

# भ्रष्ट प्रवृत्तिको अन्त्य र सुशासन स्थापना मुख्य एजेण्डा : गुरुङ



वालिङ । नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले भ्रष्ट प्रवृत्ति अन्त्य गर्दै सुशासन स्थापना आफ्नो मुख्य एजेण्डा रहेको बताउनुभएको छ ।

आइतबार बिहान स्याङ्जाको गल्याङमा भएको घरदैलो तथा कोणसभामा सम्बोधन गर्दै उहाँले भ्रष्ट प्रवृत्ति अन्त्य नहुँदासम्म सुशासन स्थापना गर्न नसकिने भएकाले यसको अन्त्य नै आफ्नो मुख्य एजेण्डा रहेको उल्लेख गर्नुभएको हो ।

वाम-लोकतान्त्रिक गठबन्धनबाट स्याङ्जा क्षेत्र नं २ को प्रतिनिधिसभाका उम्मेदवार रहनुभएका नेता गुरुङले देशमा मौलाएको भ्रष्टाचार तथा भ्रष्टाचारजन्य प्रवृत्तिलाई खोजीखोजी निर्मूल गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

"देशको विकास हुन नसक्नु र देश अधोगतितर्फ धकेलिनुको पछाडि भ्रष्टाचार जोडिएको छ", उहाँले जोड दिनुभयो, "जबसम्म भ्रष्ट प्रवृत्तिलाई अन्त्य गर्न सक्दैनौं तबसम्म देशको विकास सम्भव छैन, तसर्थः देशमा भएका भ्रष्टाचारका विभिन्न काण्डमा मुछिएका ठूलासाना सबैलाई कानुनको कठघरामा उभ्याउनै पर्छ ।"

जोखिमयुक्त अवस्थामा रहेका स्याङ्जाका ग्रामीण सडक स्तरोन्नति, जिल्लाको लाइफलाइनका रुपमा रहेको सिद्धार्थ राजमार्गलाई 'डेडिकेटेड टु लेन' को सडक बनाउने, जिल्लामा प्रविधियुक्त र दक्ष उपकरणहरुसहित सुविधासम्पन्न अस्पताल निर्माण, स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा स्थानीय शिक्षाको विकास, नीतिगत तथा कानूनी समस्या संशोधनका लागि आवाज, भौतिक पूर्वाधारको विकासमा जोड, पर्यटकीय सम्भावनाका क्षेत्रको पहिचानसँगै त्यसलाई आर्थिक आम्दानीका रुपमा विकास गर्ने, उद्यमशीलताका क्षेत्रलाई प्राथमिकता दिने र युवालाई स्वदेशमै रोजगार बनाउने अन्य एजेण्डा रहेका छन् । क्षेत्र नं २ मा कांग्रेस केन्द्रीय उपसभापति गुरुङ र नेकपा एमाले केन्द्रीय सचिव पद्माकुमारी अर्याललगायत अन्य दलका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

# सेनाद्वारा छ जना आईएस लडाकु पक्राउ

सिन्ह्वा

काबुल । अफगान सेनाले पूर्वी नान्गाहार प्रान्तमा द्वन्द्वरत इस्लामिक स्टेट (आईएस) सङ्गठनसँग आबद्ध छ जना लडाकुलाई पक्राउ गरेको रक्षा मन्त्रालयले आइतबार जारी गरेको विज्ञप्तिमा बताइएको छ।

"गोप्य सूचनाको आधारमा खालिद बिन वालिद कोर्प्सका कर्मचारीहरूले नान्गाहार प्रान्तको खावरेजको गोप्य ठाउँमा छापा मारी छ जना लडाकुहरूलाई गिरफ्तार गरेको" विज्ञप्तिमा जनाइएको छ।

पक्राउ परेका आतङ्ककारीहरूको लुकेर बसेको ठाउँबाट एके-४७ असल्ट राइफल सहित थुप्रै हतियार र गोलाबारुदहरू पनि फेला परेको बताइएको छ।

तालिबानद्वारा सञ्चालित कार्यवाहक प्रशासनले अफगानिस्तानमा आईएस समूहको कथित उपस्थितिलाई गम्भीर खतराको रूपमा अस्वीकार गरेको छ यद्यपि सुरक्षा बल कडा निगरानी राख्दै प्रतिकारमा चनाखो देखिएको छ।

# इजरायली राष्ट्रपतिद्वारा नेतन्याहूलाई सरकार गठनका लागि निर्देशन

एएफपी

जेरुसेलम । इजरायलका राष्ट्रपति आइज्याक हर्जोगले नेता बेन्जामिन नेतन्याहूलाई नोभेम्बर १ मा भएको निर्वाचनपछि आइतबार नयाँ सरकार गठनका लागि अनुमति प्रदान गर्नुभएको छ।

राष्ट्रपति हर्जोगले गत वर्ष सत्ताच्युत हुनुअघिसम्म इजरायलका सबैभन्दा लामो समय प्रधानमन्त्री रहेका नेतन्याहूलाई जेरुसेलममा आयोजित एक समारोहमा आफूले सरकार गठनको जिम्मेवारी दिएको बताउनुभएको थियो।

हर्जोगले भन्नुभयो, "पार्टीका नेताहरूसँगको परामर्शपछि परिणाम स्पष्ट भएको छ र सरकार गठनको जिम्मेवारी बेन्जामिन नेतन्याहूलाई दिनुपर्छ।

हर्जोगले भ्रष्टाचारको आरोपमा उदारवादी नेता नेतन्याहूमाथि चलिरहेको मुद्दाबारे पनि चर्चा गर्दै यो अनुसन्धानको क्रममा रहेको बताउनुभयो। इजरायलका उदारवादी नेता नेतन्याहुले आफुमाथि लाग्दै आएको भ्रष्टाचार आरोपलाई अस्वीकार गर्दै आउनुभएको छ।

हर्जोगले भन्नुभयो। "जेरुसलेम जिल्ला अदालतमा नेतन्याहूविरुद्ध कानुनी कारबाही चलिरहेको छ भन्ने तथ्यबाट म बेखबर छैन र म यसलाई तुच्छ मान्दिनँ।'

तर उहाँले आरोपको प्रतिवाद गर्दा नेतन्याहूले प्रधानमन्त्रीको रूपमा काम गर्न सक्ने कुरा हालैको नजिरले स्पष्ट पारेको छ।

# रूसी विदेशमन्त्री जी-२० शिखर सम्मेलनमा

एएफपी

इन्डोनेसिया। रूसी विदेशमन्त्री सर्गेई लाभरोभ आइतबार जी-२० शिखर सम्मेलनमा भाग लिन इन्डोनेसियाको बाली आइपुग्नु भएको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको सट्टा उहाँ सो सम्मेलनमा उपस्थिति हुनु भएको हो।

लाभरोभलाई गार्ड अफ अनरले स्वागत गरिएको थियो। तर युक्रेनमा रूसको आक्रमण र द्वन्द्वमा आणविक हतियार प्रयोग लगायतका विषयलाई लिएर भने शिखर सम्मेलनमा उहाँले आलोचना हुनसक्ने अनुमान गरिएको छ।

# प्रधानमन्त्री मोदी इन्डोनेसिया भ्रमणमा

एएनआई

इन्डोनेसिया। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नोभेम्बर १४ मा बालीमा हुने १६औँ शिखर सम्मेलनमा भाग लिनु हुनेभएको छ। भारतले सन् २०२२ डिसेम्बर १ बाट यस समूहको अध्यक्षता ग्रहण गर्दैछ।

'प्रधानमन्त्रीको भ्रमण छोटो छ तर बालीमा हुने जी-२० शिखर सम्मेलनमा यहाँको भ्रमण निकै महत्वपूर्ण छ,' इन्डोनेसियाका लागि भारतीय राजदूतले मनोजकुमार भारतीले एएनआईलाई बताउनुभएको छ।


'प्रधानमन्त्री नरेन्द्र मोदी १६औँ जी-२० शिखर सम्मेलनमा भाग लिनुहुने छ र यहाँ उहाँले औपचारिकरूपमा २०२३ को लागि भारतको २०२३ अध्यक्षता लिनुहने छ' भारतीले एएनआईलाई बताउनुभएको छ।

'प्रधानमन्त्री मोदीको जी-२० मा आउनु महत्वपूर्ण छ किनभने भारतले इन्डोनेसियाबाट जी-२० को अध्यक्षता लिन लागेको छ। भारतले इन्डोनेसियालाई निरन्तर सहयोग प्रदान गरेको छ, र इन्डोनेसिया सरकारले पनि भारतको सहयोगलाई मान्यता दिन्छ, भारतीय राजदूत भारती भन्नुभएको छ।

# अमेरिकी राष्ट्रपति एशियाली सहयोगीहरूसँग वार्तामा व्यस्त

एपी

नोमपेन । दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)को शिखर सम्मेलनमा सहभागी हुने सिलसिलामा यहाँ रहनुभएका अमेरिकी राष्ट्रपति जो वाइडेनले जापानका प्रधानमन्त्री फुमियो किशिदा र दक्षिणकोरियाका



राष्ट्रपति युन सुक योलसँग भेटवार्ता गर्नुभएको छ।

हालैका हप्तामा उत्तरकोरियाले एउटा अन्तरमहादेशीय क्षेप्यास्त्रसहित शृङ्खलाबद्धरूपमा लामो तथा छोटो दूरीमा प्रहार गर्ने क्षमतायुक्त क्षेप्यास्त्र परीक्षण गरेर कोरियाली प्रायद्वीपमा त्रासको वातावरण सृजना गरेपछि प्योङ्याङलाई कसरी आणविक हतियार विकासमा रोक्ने भन्नेबारेमा छलफल भएको छ। एशिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभाव तथा जापान र गणतन्त्र कोरियासँगको अमेरिकाको सहयोगात्मक सम्बन्धबारे पनि नेतात्रयबीच विचारविमर्श भएको छ।

आर्थिक एवम् सामरिक सामर्थ्ययुक्त शक्तिशाली प्रतिद्वन्द्वी चीनका राष्ट्रपति सी चिनफिङसँगको भेटवार्ताअघि उहाँहरूबीच भएको भेटवार्तालाई आसियान मुलुकका नेताले चासोका साथ हेरिरहेका छन्।

कोरियाली प्रायद्वीपमा उत्तरकोरियाले निम्त्याएको जोखिम घटाउन अमेरिका, जापान र कोरियाको संयुक्त रणनीति एवम् साझेदारीलाई सुदृढ बनाउन राष्ट्रपति वाइडेनले उहाँहरूसँग छलफल गर्ने शनिबार अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले बताएका थिए। उत्तरकोरियाका पछिल्ला गतिविधिलाई लिएर उनले त्रिपक्षीय सुरक्षा सहयोग अभिवृद्धिमा जोड दिँदै यो क्षेत्रको समग्र शान्ति र स्थायित्वका निम्ति सहकार्य र साझेदारी अपरिहार्य भएको बताए।

उत्तरकोरियाका कारण कोरियाली प्रायद्वीपमा तनाव बढिरहेको छ। उसले निरन्तर हतियार परीक्षण एवम् प्रदर्शन गर्दै आएको छ। अमेरिका र दक्षिणकोरियाले संयुक्त सैन्य अभ्यास गरेपछि क्रुद्ध बनेको प्योङ्याङले परीक्षणको निन्दा गरेको थियो। संयुक्त अभ्यासका क्रममा दुवै देशले बमवर्षक एवम् लडाकू विमान उडाएका थिए।

यसैबीच, कम्बोडियाका नेता हुन सेनले विश्वव्यापीरूपमा तनाव बढेकामा चिन्ता व्यक्त गर्दै पारस्परिक एकताका निम्ति आह्वान गर्नुभएको छ। आसियान शिखर सम्मेलन उद्घाटन गर्दै उहाँले सबै मतभेदको समाधान शान्तिपूर्ण ढङ्गले गर्नुपर्नेमा जोड दिनुभयो। विवाद सुल्झाउन सहकार्य आवश्यक भएको र त्यो विश्वको साझा हितमा भएको उहाँले दोहोऱ्याउनुभयो। रुस, चीन र संयुक्त राज्य अमेरिकाका उच्चअधिकारी सम्मिलित शिखर सम्मेलनमा उहाँले अहिलेको विश्वव्यापी तनावले सबैलाई असर गरिरहेको वास्तविकतातर्फ ध्यानाकर्षित गराउनुभयो

ताइवान र बेइजिङको बढ्दो क्षेत्रीय आकांक्षालाई लिएर संयुक्त राज्य अमेरिका र चीन बीचको तनाव, युक्रेनमाथि रुसले गरेको आक्रमणले विश्वव्यापी आपूर्ति शृङ्लामा पुगेको अवरोध, बढ्दो ऊर्जा र खाद्यान्न मूल्यले निम्त्याएका विषम परि स्थितिबारेमा पनि कम्बोडियाली नेतालेविश्वनेताहरूकोध्यानाकर्षण गराउनुभयो। शिखर सम्मेलनमा अष्ट्रेलिया,न्यूजिल्याण्ड,दक्षिणकोरिया, जापानलगायत राष्ट्रका नेता पनि सहभागी छन्।


# स्पेनद्वारा टर्किएमा प्याट्रियट एयर डिफेन्स मिसाइल तैनाथीको विस्तार

सिन्ह्वा

अङ्कारा। स्पेनले टर्कीको दक्षिणी अडाना प्रान्तमा आफ्नो प्याट्रियट एयर डिफेन्स मिसाइलहरूको तैनाथीको समयावधिलाई जुन २०२३ सम्म लम्ब्याउने निर्णय गरेको टर्कीको अर्ध-सरकारी अनादोलु एजेन्सीले आइतबार उल्लेख गरेको छ।

सिरियाली सिमानाबाट करिब १२० किलोमिटर टाढा रहेको प्रान्त अडानामा राखिएको स्पेनिस प्याट्रियट मिसाइल प्रतिरक्षा प्रणालीको म्यान्डेट यस वर्षको अन्त्यमा सकिँदै थियो।

सन् २०१३ मा संयुक्त राज्य अमेरिका, जर्मनी, र नेदरल्याण्ड्सले नेटो मिसन को एक भागकोरूप मा दक्षिणी टर्कीमा प्याट्रियट रक्षा मिसाइलहरु तैनाथ गरे पछि अङ्काराले सिरिया देखि टर्कीसम्मको सम्भावित आक्रमणको लागि गठबन्धन को सुरक्षा सहयोग को




लागी अनुरोध गरेको हो।

उत्तरी सिरियामा टर्किएको "अपरेशन पिस स्प्रिङ्ग" पछि पश्चिमी देशहरूसँग राजनीतिक असहमति उत्पन्न भएपछि संयुक्त राज्य अमेरिका, जर्मनी र नेदरल्याण्डले आफ्ना मिसाइलहरू फिर्ता लिएका थिए। स्पेनले सन् २०१५ मा अडानामा नेदरल्याण्ड्सको स्थानमा आफ्ना मिसाइलहरू तैनाथ गरेको थियो।

# नेपालले पहिलो पटक विश्वकप क्रिकेटको आयोजना गर्ने

काठमाण्डु । नेपालले पहिलो पटक आइसीसी उन्नाइस वर्षमुनि (यू-१९) महिला विश्वकप क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको छ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी)को बोर्ड बैठकले २०२७ मा आयोजना हुने यू-१९ महिला विश्वकप प्रतियोगिता आयोजनाको जिम्मा नेपाल र बङ्गलादेशलाई संयुक्त रुपमा दिएको हो। अब नेपाल र बङ्गलादेश मिलेर प्रतियोगिता आयोजना गर्नेछन्।




त्यसैगरी आइसीसीले आज सार्वजनिक गरेको अन्य निर्णयमा सन् २०२४ को यु-१९ पुरुष विश्वकप प्रतियोगिताको आयोजना श्रीलङ्काले गर्ने भएको छ। त्यसैगरी सन् २०२५ को यू-१९ महिला विश्वकप मलेसिया र थाइल्याण्डमा संयुक्त रुपमा आयोजना गर्नेछन्। सन् २०२६ को यू-१९ पुरुष विश्वकप जिम्बावे र नामिबियाले संयुक्त रुपमा आयोजनाको जिम्मा पाएका छन्। नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले आइसीसीको यस किसिमको निर्णयले नेपाली क्रिकेटको खेल पूर्वाधार र खेलकोस्तर माथि पुऱ्याउन मद्दत पुग्ने विचार व्यक्त गर्नुभयो।

उहाँले पहिलो पटक आयोजनाको मौका पाएको विश्वकप सफल बनाउन सके थप प्रतियोगिता आयोजनाको मौका पाउन सक्नेसमेत बताउँदै प्रतियोगिता सम्पन्न गर्न कुनै कसर बाँकी नराखिने बताउनुभयो।

अध्यक्ष चन्दले प्रतियोगिता सञ्चालनको लागि करिब चार वर्षको लामो समय भएकाले अब पूर्वाधार विकासको लागि सरकारसँग कुरा गर्ने बताउनुभयो।रासस

# चनपा वडास्तरीय फुटसल प्रतियोगिताको उपाधि १५ लाई

काठमाण्डु । 'चन्द्रागिरि नगरपालिका वडास्तरीय फुटसल प्रतियोगिता २०७९' को उपाधि चन्द्रागिरी-१५ ले चुमेको छ। नगरपालिकाको सर्वाधिक राशिको तेस्रो संस्करणको सो प्रतिप्रतियोगितामा उसले वडा




नं ९ लाई एकका विरुद्ध पाँच गोल गर्दै रु ८० हजारसहित ट्रफी र पदक चुमेको छ भने वडा ९ दोस्रो भई रु ४० हजारसहित ट्रफी र पदक हात पारेको छ।

चन्द्रागिरि-९ स्थित मच्छेगाउँमा नवनिर्मित मत्स्य फुटसल एरिनामा शनिबार साँझ भएको कडा प्रतिस्पर्धात्मक खेलमा चन्द्रागिरि-१५ ले आफ्नो अपराजित यात्रालाई कायम राखेको हो। का तर्फबाट खेलाडी समिर कार्की, दिनेशसिंह खड्का, अविरल रिजाल, रञ्जन श्रेष्ठ, राहित थापा, सञ्जय पुरी, अभय खड्का, सुजित रावत, प्रज्ज्वल कार्की, रोहित थापा र सुशन घिमिरे मैदानमा उत्रनुभएको थियो। यसैगरी दोस्रो स्थान प्राप्त गरेको वडा नं ९ का तर्फबाट अजय महर्जन, सञ्जीव महजर्न, निकेश श्रेष्ठ, गौरव श्रेष्ठ, राजकुमार श्रेष्ठ, रितेश श्रेष्ठ, रफि श्रेष्ठ, ईश्वर थापामगर र राजीव मान्धर मैदानमा उत्रिएका थिए।

पश्चिम संयुक्त क्लबको संयोजन तथा चनपाद्वारा प्रयोजित सो प्रतियोगितामा नगरका १५ वडाका २२ टिमले भाग लिएका थिए भने खेल अन्तर्राष्ट्रिय नियमानुसार खेलाइएको थियो। प्रतियोगिताको प्रथम, द्वितीय, तृतीय एवं सान्त्वना प्राप्त टिमलाई नगरप्रमुख घनश्याम गिरी, उपप्रमुख वसन्ती श्रेष्ठ, नगप्रवक्ता कृष्णकुमार खड्गी र क्लबका अध्यक्ष रामनारायण घिमिरेले संयुक्तरूपमा नगदसहित ट्रफी र पदक प्रदान गर्नुभयो। सोही अवसरमा उहाँहरूले उत्कृष्ट टिम, उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकर्ता र उत्कृष्ट गोलकिपरलाई नगद रु पाँच-पाँच हजारसहित ट्रफी र पदक प्रदान गर्नुभयो। प्रतियोगिताको उत्कृष्ट टिमको उपाधि वडा नं १५ ले प्राप्त गरेको थियो भने उत्कृष्ट गोलकर्ता सविन महर्जन र उत्कृष्ट गोलकिपर प्रकट रिजालले प्राप्त गर्नुभएको थियो।

सो अवसरमा नगरप्रमुख गिरीले नगरपालिकाले खेल क्षेत्रको विकासमा प्राथमिकता दिँदै आएको जानकारी दिँदै आगामी दिनमा युवापुस्ताले नै खेलकुदमार्फत नगरपालिका र सिङ्गो राष्ट्रलाई नै चिनउने बताउनुभयो। उहाँले भन्नुभयो, "नगरको पूर्वाधार विकास, शिक्षा, स्वास्थ्यका क्षेत्रमा धेरै काम भएका छन्।" क्लबका अध्यक्ष घिमिरेले नगर क्षेत्रमा क्लबले विभिन्न खेलकुद प्रतियोगिताको संयोजन गर्दै आएको जानकारी दिँदै आगामी दिनमा नगरपालिकाले खेल गतिविधिमा क्लबलाई साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "अगामी दिनमा खेल क्षेत्रमा सरकारले लगानी बढाउन जरुरी छ। खेल क्षेत्रको विकास र विस्तारले मात्र युवाको सशक्तीकरण हुन्छ।" क्लबका सल्लाहकार भुवन गिरीले पश्चिम क्षेत्रमा खेलकुद विकास र प्रवर्द्धन गर्न क्लबले विभिन्न प्रतियोगिता आयोजना गर्दै आएको जानकारी दिनुभयो।प्रतियोगिताका संयोजक क्लबका उपाध्यक्ष साजन महर्जनले विभिन्न सङ्घ तथा संस्थाको साथ र सहयोगले प्रतियोगिता सम्पन्न भएको बताउनुभयो।रासस

# रुस र टर्कीबीच वार्ता प्रयास जारी : टर्कीस् राष्ट्रपति

सिन्ह्वा

अङ्कारा। टर्कीस् राष्ट्रपति रिसेप तैयब एर्डोगानले रुस र युक्रेनका बीचमा वार्ताको प्रयास भइरहेको जानकारी दिनुभएको छ।

उहाँले टर्कीले दुई देशबीच



शान्ति वार्ताको प्रयास जारी नै राखेको तर अमेरिकाले रुसको कडा विरोध गरेका कारण वार्ता सुरु हुन नसकेको बताउनुभएको हो।

टर्कीस् राष्ट्रपति एर्डोगानले पछिल्लो समयमा अमेरिकाले रुसको अनावश्यकरुपमा विरोध गरका कारण वार्ता सुरु हुन नसकेको आरोपसमेतलगाउनुभएकोसमाचारमा जनाइएको छ।

उज्बेकिस्तानबाट टर्की आउने क्रममा उहाँले सम्वाददातासँग यस्तो कुरा बताउनुभएको हो। टर्कीस् राष्ट्रपति एर्डोगानले टर्कीले रुस र युक्रेनबीचमा शान्ति वार्ताको ढोका खोल्न खोजेकाले यस कार्यमा पश्चिमा देशले पनि आवश्यक मात्रामा सहयोग गर्नुपर्ने बताउनुभएको हो।

युक्रेनले भने रुसी सेना फिर्ता गरेपछि मात्र रुससँग वार्ता गर्ने जनाएको छ। युक्रेनले पहिलेदेखि राख्दै आएको यो अडान गत हप्ता पनि दोहोऱ्याएको थियो।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलिन्स्कीका सल्लाहकार मिखाइलो पोदोलियाकले गत हप्तामात्र सो धारणा राख्नुभएको युक्रेनी मिडियाले जनाएका थिए।

हाल रुसले युक्रेनमा एक प्रकारको युद्धबिराम जस्तो गरेको र त्यो युद्धबिरामको अवस्था उसले आफ्नो शक्ति थप सञ्चय गर्ने काममा पनि दुरुपयोग गर्न सक्ने धारणा युक्रेनको रहेको छ।

युक्रेनले वार्ताका बारेमा भने केही बताएको छैन। युक्रेनको विषयलाई लिएर अहिले रुस र कुनै पनि पश्चिमा देशसँग छलफल र निर्णय नभएको पनि युक्रेनले केही दिन अघि स्पष्ट गरेको थियो।

गत फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि आक्रमण गरेको थियो। त्यसपछि मार्च २९ मा टर्कीको इस्तानबुल सहरमा रुस र युक्रेनकाबीचमा प्रत्यक्ष वार्ता भएको थियो।

त्यसयता यी दुई देशबीचमा प्रत्यक्ष रुपमा वार्ता हुनसकेको छैन। त्यसैले आफ्नो मध्यस्थतामा यी दुई देशका बीचमा वार्ता गराउने प्रयासमा टर्की रहेको टर्कीस् राष्ट्रपति एर्डोगानले बताउनुभएको छ।

# लेबनानमा हैजा नियन्त्रणका लागि खोप अभियान सुरु



सिन्ह्वा

बेरुत । उत्तरी लेबनानमा केही हप्तायतादेखि सुरु भएको हैजाको प्रकोपबाट यहाँ कैयौँ मानिसको ज्यान गएको हुँदा सोको नियन्त्रणका लागि खोप अभियान सुरु गरिएको छ।

लेबनानको स्वास्थ्य मन्त्रालयले प्रभावित जिल्लामा शनिबारदेखि यो अभियान सुरु भएको जनाएको छ। यो अभियान एक हप्तासम्म सञ्चालन गरिने जनाइएको छ।

एक हप्तामा यहाँका कम्तीमा पनि छ लाख मानिसलाई हैजा विरुद्धको खोप दिइने यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको हो। गत अक्टोबर ६ तारिखमा यहाँको स्वास्थ्य मन्त्रालयले लेबनानमा हैजा देखिएको जनाएको थियो।

त्यस यता यो रोगबाट १८ जनाको ज्यान गएको छ भने अरु हजारौँ जना बिरामी भएका छन्। लेबनानले सहयोगका लागि विश्व समुदायलाई नै आग्रह गरेको थियो।

यसैबीच संयुक्त राष्ट्रसङ्घले लेबनानको हैजा नियन्त्रणका लागि करिब ९५ लाख अमेरिकी डलर बराबरको सहयोग उपलब्ध गराएको गत हप्ता जनाएको थियो। लेबनानमा केही समययतादेखि फैलिएको हैजा नियन्त्रण गर्न राष्ट्रसङ्घको सहयोगको याचना गरिएको लेबनानले जनाएको थियो।

केही हप्ता यतादेखि लेबनानमा फैलिएको हैजाको प्रकोप नियन्त्रणका लागि खानेपानीको व्यवस्था, सरसरफाई एवं औषधि उपचारका लागि लेबनानले आर्थिक सहयोगको याचना गरेको थियो।

यहाँ देखिएको हैजाबाट चार सय ९० जना बिरामी अस्पतालमा राखिएको जनाइएको छ। यहाँको स्वास्थ्य मन्त्रालयले गत अक्टोबर ६ देखि नै यहाँ हैजा भेटिएको र त्यसयता हैजाको सङ्क्रमण फैलिएको जनाएको छ।



बिक्रीका लागि बाँसबाट बनेका सामग्री : सुर्खेतको चिङ्गाड गाउँपालिका-३ मटेला बजारमा बिक्रीका लागि राखिएको बाँसबाट बनेका सामग्री। *तस्विरः रासस*

# ग्लोबल आइएमई र बैंक अफ काठमाण्डु समान हैसियतमा गाभिने

काठमाण्डु । ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डु समान हैसियत अर्थात् १:१ स्वाप रेसियोमा गाभिने भएका छन् ।

मर्जरमा जाने निर्णय गरेका दुबै बैंकको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन र अन्य विविध पक्षको विश्लेषणका आधारमा समान हैसियत रहने भएको हो । अर्थात् बैंक अफ काठमाण्डुमा एक सय कित्ता सेयर हुनेले मर्जरपछि पनि एक सय कित्ता नै सेयर पाउने कम्पनी सचिव दीपक गौतमले जानकारी दिनुभयो ।

सञ्चालक समितिले गरेको उक्त निर्णय नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडलाई समेत जानकारी गराएको छ । दुबै बैंकले गत असार २ गते मर्जरमा जानका लागि सम्झौता गरेका थिए ।

मर्जरपछि नयाँ बन्ने बैंकको कुल चुक्तापुँजी रु ३४ अर्ब ४१ करोड ९७ लाख ४७ हजार ६०० पुग्नेछ ।रासस

# साताको पहिलो दिन नेप्से परिसूचकमा पहिरो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार १० दशमलव ५४ अङ्कले ओरालो लागेर एक हजार आठ सय ८३ दशमलव १६ मा सीमित भएको छ। यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ८३ अङ्कले ओरालो लागेर तीन सय ७० दशमलव ५३ मा सीमित भएको छ । नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये होटल तथा पर्यटन उपसमूहको शेयर उकालो लाग्दा १२ उपसमूहको शेयर ओरालो लागेको छ।

कूल दुई सय २५ कम्पनीको २० लाख २८ हजार तीन सय ४८ कित्ता शेयर रु ७७ करोड ४९ लाख ११ हजार सात सय छ मूल्यमा खरिद बिक्री भए । आइतबारको कारोबारपछि बजार पुँजीकरण रु २७ खर्ब आठ अर्ब ७० करोड १२ लाख ८२ हजार चार सय ३१ बराबर रहेको छ।

कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । उक्त कम्पनीको रु १० करोड ३९ लाख ९६ हजार बराबरको कारोबार भएको छ। निर्धन उत्थान लघुवित्त रु दुई करोड ४० लाख ५२ हजार तीन सय ३९, नबिल बैंक रु दुई करोड ३८ लाख २५ हजार नौ सय ५०, हिमालयन पावर पाटनर रु दुई करोड २६ लाख ४६ हजार दुई सय ३७ र नेपाल पुर्नबीमा कम्पनी रु दुई करोड १६ लाख ३९ हजार छ सय सात मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार लक्ष्मी इक्विटी फण्ड सात दशमलव ९०, लक्ष्मी उन्नति कोष तीन दशमलव ७७, मन्दाकिनी हाइड्रोपावर तीन दशमलव ७४, सिँगटी हाइड्रोपावर तीन दशमलव ३६ र गुर्खाज फाइनान्सका लगानीकर्ताले तीन दशमलव १४ प्रतिशतले कमाएका छन्। त्यस्तै नवील ब्यालेन्स फण्ड दोश्रो छ दशमलव ९०, निर्धन उत्थान लघुवित्त छ दशमलव ४०, सिटिजन म्युचुअल फण्ड पहिलो पाँच दशमलव ४२, मनकामना स्मार्ट लघुवित्त पाँच दशमलव १८ र आशा लघुवित्तका लगानीकर्ताले चार दशमलव ८६ प्रतिशतले गुमाएका छन् ।रासस

***नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये होटल तथा पर्यटन उपसमूहको शेयर उकालो लाग्दा १२ उपसमूहको शेयर ओरालो लागेको छ।***

# सिजी एग्रोले ल्यायो नानो युरिया




**टुडे समाचारदाता**

काठमाण्डु । चौधरी समूह अन्तर्गतको सिजी एग्रोले नानो युरिया बजारमा ल्याएको छ । भारतीय कम्पनीले उत्पादन गरेको सिजी-इफ्को ब्रान्डको नानो युरिया नेपाली बजारमा ल्याएको हो।

उक्त ब्राण्डको तरल (झोल) मल भारतीय सहकारी इन्डियन फार्मर फर्टिलाइजर कोअपरेटिभले उत्पादन गरेको हो। अबदेखि तरल नानो युरिया सहजै नेपाली बजारमा पाउने चौधरी समूहका प्रबन्धक निर्वाण चौधरीले जानकारी दिए।

उक्त मलले कृषि उत्पादन बढाउन, माटोको गुणस्तर सुधार्न, वातावरण प्रदूषण रोक्न, किसानको आम्दानी बढाउन र लागत घटाउन सहयोग पुग्ने उनको भनाइ छ। नानो युरिया तरल अन्नबाली, दाल, तरकारी, चिया, उखु, फलफूल, औषधीलगायात अन्य सबै बाली तथा बोटबिरूवामा छर्कन सकिन्छ।

नानो प्रविधिबाट निर्मित मलले परम्परागत रासायनिक मलको मात्रा घटाउँछ। नानो प्रविधिमा आधारित नानो युरिया सुक्ष्म तरल मल हो। यसले विरुवाको उचित वृद्धि र विकासका लागि आवश्यक पर्ने प्रमुख पोषकतत्व नाइट्रोजन प्रदान गर्दछ। नानो युरियालाई पातबाट छर्कने गरिन्छ। परम्परागत दानादार युरियालाई माटोमा छर्ने गरिन्छ भने तरल नानो युरिया पानीमा मिसाएर बिरुवाको पातमा छर्कने गरिन्छ। झण्डै २-४ मिलिलिटर नानो युरियालाई एक लिटर पानीमा मिसाएर छर्नु पर्दछ।

बिरुवाको वृद्धि हुने महत्वपूर्ण चरणहरूमा मल छर्किएपछि बिरुवाका कोषहरूद्वारा चाडै सोस्ने गर्दछ। नानो युरिया साना कोषबाट अवशोषित हुने हुँदा दानादार युरियाभन्दा निकै प्रभावकारी मानिन्छ। नानो युरिया वातावरणमैत्री,परम्परागतयुरियाभन्दा सस्तो, स्वास्थ्य वातावरण, माटोको गुणस्तर र बढी उत्पादनका लागि उपयुक्त हुनुका साथै यसको प्रयोगले माटो, हावा र पानीमा नकारात्मक प्रभाव नपर्ने कम्पनीले बताएको छ।

कम्पनीका अनुसार एक बोरा (५० किलो) परम्परागत युरिया ५ सय मिलिलिटर नानो युरिया बराबर हुन्छ । एक लिटर सफा पानीमा दुईदेखि चार मिलिलिटर नानो युरिया झोल मल मिसाएर बालीको पातमा छर्कन सकिन्छ।

# सुनको मूल्य प्रतितोला रु ९७ हजार तीन सय

**टुडे समाचारदाता**

काठमाण्डु । सुनचाँदी बजारमा आइतबार छापावाल सुनको मूल्य प्रतितोला रु ९७ हजार तीन सय तोकिएको छ। गत शुक्रबार प्रतितोला रु ९६ हजार सात सयमा कारोबार भएको सुन आज प्रतितोला रु छ सयले बढेको हो । नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९६ हजार आठ सय छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९६ हजार दुई सय थियो ।

त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु पाँचले बढेर रु एक हजार तीन सय तोकिएको महासङ्घले जनाएको छ।

# हिताची माइक्रोवेभ ओभन चार भेरियन्टसहित नेपाली बजारमा

**टुडे समाचारदाता**

काठमाण्डु । युनिभर्सल इलेक्ट्रोकमले नेपाली बजारमा हिताची माइक्रोवेभ ओभनका नयाँ उत्पादनहरू सार्वजनिक गरेको छ । चार भेरियन्टका साथ उपलब्ध माइक्रोवेभ ओभनका नयाँ श्रृ लाहरुमा- २३ लिटरको डिजिटल ग्रिल माइक्रोवेभ ओभन, २० लिटरको डिजिटल ग्रिल माइक्रोवेभ ओभन, २० लिटरको मेकानिकल माइक्रोवेभ ओभन र डिसेम्बर २०२२ सम्ममा चौथो भेरियन्ट ३२ लिटरको कन्भेक्सन माइक्रोवेभ ओभन नेपाली बजारमा उपलब्ध हुने बताइएको छ।

हिताचीको उच्च श्रेणीको माइक्रोवेभ ओभनहरूले उपभोक्ताहरूलाई स्वस्थ जीवनको फाइदाहरू र सहजै फ्याट, नुन र क्यालोरी घटाउने नयाँ उत्पादन सुविधा प्रदान गर्छ । साथै, हिताचीले यी माइक्रोओभनमा १ वर्षको पूर्ण वारेन्टी र म्याग्नेट्रोनमा ५ वर्षको वारेन्टी प्राप्त हुने कम्पनीले बताएको छ।

डिजिटल ग्रिल माइक्रोवेभ ओभनका दुई मोडल एचएमआर-डिजी२३१२ र एचएमआर-डिजी२०१२ ओभन क्षमता २३ लिटर र २० लिटरमा उपलब्ध छन्।

एचएमआर-डिजी२३१२ (२३लिटर) मा पुल-ओपन मिरर ग्लास फ्रन्ट डोर र आइनोस फ्रेम ह्यान्डलको साथ आधुनिक डिजाइनमा उपलब्ध छन् । यसको डिजिटल डिस्प्ले प्यानल प्रयोग गर्न सजिलो छ किनकि यसमा बारम्बार प्रयोग हुने कार्यहरूको सूची समावेश गरिएको छ।

यसमा ग्लास ट्रे र ग्रिल ¬ याक छ। ५ माइक्रोवेभ लेभल-८ प्रि-सेट कुकिंग मेनु, समय र तौल अनुसार डिफ्रोस्ट, मल्टी-स्टेज कुकिंग, माइक्रोवेभ कुकिंग, ग्रिल कुकिंग, अटो रिहिट आदिको साथमा मल्टिफङ्शनल छ । यसको ८ प्रि-सेट अटो-कुक मेनुले समय बचत गर्न मद्दत गर्ने कम्पनीले बताएको छ।

एचएमआर-डिजी२०१२ (२० लिटर) मा कम्प्याक्ट डिजाइन र घडीको साथ ठूलो डिजिटल एलइडी डिस्प्ले जडान छ। यसको ग्लास फ्रन्ट डोर, ग्लास ट्रे प्रयोग गर्न र सफा गर्न सहज छ। यसमा ६ माइक्रोवेभ लेभल, वन टच ९ अटो कुकिंग प्रि-सेट, माइक्रोवेभ कुकिंग, ग्रिल कुकिंग, वजनद्वारा डिफ्रोस्ट र समय, अटो रिहिट, चाइल्ड सेफ्टी लक, मल्टिस्टेज कुकिंग, क्विक स्टार्ट आदि जस्ता उत्कृष्ट सुविधाहरू छन्।

यी नवीन माइक्रोवेभ ओभनहरू क्रमशः कालो र सिल्भर कलरमा उपलब्ध रहेको कम्पनीले बताएको छ । मेकानिकल माइक्रोवेभ ओभन एचएमआर-एम२००२ (२० लिटर) ओभन क्षमतामा उपलब्ध छ। यो कम्प्याक्ट डिजाइनमा उपलब्ध भएकाले सानो, शक्तिशाली र कुशल हुनुका साथै भान्साको ठाउँ धेरै ओगट्दैन। यो मेकानिकल माइक्रोवेभ ओभन सञ्चालन गर्न सजिलो छ त्यसैले यो प्रयोगकर्ता मैत्री छ।

यसले पुनः तताउने कार्य छिटो र सहज रूपमा खानालाई डिफ्रोस्ट गर्ने सुविधा दिन्छ। यसमा सजिलै सफा गर्नको लागि ग्लास ट्रेको साथ मेकानिकल कन्ट्रोल प्रणाली राखिएको छ। यो किफायती मूल्य र कालो रङमा उपलब्ध छ।

कन्भेक्सन माइक्रोवेभ ओभन एचएमआर-डिसी३२१२३२एल (३२ लिटर) ओभन क्षमता डिसेम्बर २०२२ सम्ममा उपलब्ध हुने जनाइएको छ । यो अगाडिको बाहिरी भागमा स्टेनलेस स्टीलका साथ आधुनिक टच र सजिलै सफा गर्न, मिरर ग्लास र स्टेनलेस स्टील क्याभिटीका साथ डिजाइन गरिएको छ।

माइक्रोवेभ र कन्भेक्सन कार्यको संयोजनले खाना पकाउने प्रक्रियालाई गति दिन मद्दत गर्दछ। यसमा ग्लास ट्रे र बेक ट्रे समावेश छ । यसले साधारण कन्ट्रोल प्यानलको साथ, क्विक स्टार्ट, प्रि-सेट कुकिङ, माइक्रोवेभ र ग्रिल कुकिङ, तौल र समय अनुसार डिफ्रोस्ट, स्वतः पुनः तताउने, अटो कुकिङ मेनु, चाइल्ड सेफ्टी लक, र मल्टि-स्टेज कुकिङ लगायत उत्कृष्ट कार्यक्षमता प्रदान गर्दछ।

स्वतः कुक मेनुले ९ प्रिसेटहरुको कार्यहरू प्रदान गर्दछ जसले खानाको लागि स्वचालित रूपमा पकाउने समय सेट गरेर समय बचत गर्न मद्दत गर्छ। उच्च प्रविधि, परिष्कृत कार्यहरू र प्रिमियम डिजाइन सुविधाहरूसहित एचएमआर-डिजी२३१२ (२३ लिटर) को मूल्य २४ हजार ९९९, एचएमआर-डिजी२३१२ (२० लिटर) को मूल्य १९ हजार ९९९ रुपैयाँ र एचएमआर-एम२००२ (२० लिटर) को मूल्य १५ हजार ९९९ रुपैयाँमा उपलब्ध रहेका छन् ।रासस






# विद्युतीय सवारी किन्न ८० प्रतिशतसम्म ऋण दिने

**टुडे समाचारदाता**

काठमाण्डु । नबिल बैंकले टाटा मोटर्स अन्तर्गतका विद्युतीय सवारी खरिद गर्नको लागि ८० प्रतिशतसम्म ऋण दिने भएको छ।

नबिल बैंक र टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङबीच विद्युतीय सवारी खरिदमा ८० प्रतिशतसम्म ऋण उपलब्ध गराउने सम्बन्धी सम्झौता भएको हो।

उक्त सम्झौता अनुसार टाटाको नेक्सन र टिगोर विद्युतीय गाडी खरिद गर्दा ग्राहकले नबिल बैंकबाट ८० प्रतिशतसम्मको ऋण प्राप्त गर्न सक्ने बताइएको छ । टाटा मोटर्सबाट विद्युतीय सवारी साधन खरिद गर्न चाहने व्यक्ति वा संस्थाले नबिल बैंकका सबै शाखाबाट १२.९९ प्रतिशत ब्याजदरमा ७ वर्षसम्म सहज र सुलभ कर्जाको सुविधा पाउनेछन्।




बैंकले २४ घण्टाभित्र ऋण उपलब्ध गराउने समेत बताएको छ। नेपाल राष्ट्र बैंकको सम्बन्धित निर्देशन बमोजिम उक्त ऋण प्रवाह गरिनेछ । नेपालमा विद्युतीय सवारीको प्रयोगलाई बढाउनका लागि उक्त सम्झौता गरेको बैंकले बताएको छ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, गिद्धा गा.वि.स. वडा नं. ४ घर भई हाल धनुषा जिल्ला, विदेह न.पा. वडा नं. ७ बस्ने श्री दरवावरी कवारीको नाती श्री अब्दुल लतिफ कवारीको छोरा श्री महमद अैनुल हकको मिति २०७९/०६/०१ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४०९१५१ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतककी पत्नी श्रीमती मैमुन निस्साले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर-२, धनुषा**
**फोन ०४१-५९०२६१**



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने श्री सोमन साहुको नाती श्री दुखी साहुको छोरा श्री काशी साहको मिति २०७९/०६/१४ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४२५१२९ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतककी पत्नी श्रीमती रेणु देवीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर-२, धनुषा**
**फोन ०४१-५९०२६१**

चुनावी रुझान

# ठाकुर, डा. राउत कि उपेन्द्र ?

## सप्तरी २ मा विरासत जोगाउने र भत्काउनेको अन्तिम चरणको कसरत

**एमके माझी**

सप्तरी । मौन अवधिको समय नजिकिदै जाँदा उम्मेदवारहरु मत आफ्नो पक्षमा पार्न अन्तिम चरणको प्रयासमा जुटेका छन् । मंसिर ४ मा हुने प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम प्रचारप्रसार गर्ने अवधि मंसिर १ गतेसम्म मात्र रहेको छ ।

७२ घण्टे मौन अवधि शुरु हुनु अघिनै उम्मेदवारहरु मतदातालाई रिझाउन रोड शो, चुनावी सभा देखि घर-घर गएर भेटने कार्यमा तीब्रताका साथ लागेका छन । जसकारण चिसिदै गएको मौसममा राजनीतिक माहोल भने निकै तताएको छ । सप्तरीमा प्रतिनिधिसभाको चार र प्रदेशसभाको आठ पदका लागि निर्वाचन हुँदैछ । तर, सबैको चासो र चर्चाको केन्द्र भने क्षेत्र नं. २ बनेको छ । यहाँको चुनावी चासो राष्ट्रिय स्तरसम्मै छ ।

यहाँ मुख्य प्रतिस्पर्धीमा सत्तारुढ गठबन्धनका उम्मेदवार लोसपाका केन्द्रीय सदस्य जयप्रकाश ठाकुर, जनमतका राष्ट्रिय अध्यक्ष डा. सिके राउत तथा जसपा-एमाले गठबन्धनका उम्मेदवार जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव छन् । यस क्षेत्रमा ४ स्वतन्त्र सहित १८ जना चुनावी मैदानमा छन् । तर उनीहरुको खासै चर्चा छैन । यस क्षेत्रमा कुल ९५ हजार ३ सय ९४ मतदाता छन् ।

स्थानीय तहको निर्वाचनमा यस क्षेत्रमा ती मध्ये ६४ प्रतिशत अर्थात करीब ६२ हजार मत खसेको थियो । यसपल्ट पनि उस्तै-उस्तै संख्यामा मत खस्ने अनुमान गरिएको छ । तीन वटै उम्मेदवार बीच कडा टक्कर देखिएकाले चुनाव जित्न कम्तिमा २२ हजार मत कटाउनु पर्ने संसदीय निर्वाचनलाई नजिकबाट नियालिरहेका राजनीतिक विषलेशकहरु बताउँछन । यहाँको निर्वाचन परिणामलाई जातिय मतले समेत उलटफेर गर्ने गरेको विगतको निर्वाचन परिमाणले देखाएको छ । यसपटक पनि अन्तिम चरणमा सो समीकरण दोहोरिने अनुमान गरिएको उनीहरुको भनाई छ ।

२०७४ को निर्वाचनमा यस क्षेत्रबाट तत्कालिन राजपा र कांग्रेस समेतको साथ पाएर संघीय समाजवादी फोरम नेपालबाट उम्मेदवार बनेका उपेन्द्रले जित हात पारेका थिए । तर यस पटक गठबन्धन र परिस्थिति दुवै फेरिएको छ । त्यतिबेला उपेन्द्रलाई सघाएका तत्कालिन राजपा र कांग्रेस अहिले विपक्षमा उभिएका छन् । अहिले ती दुवै दलको साथ गुमाएका उपेन्द्रको एमालेसँग गठबन्धन भएको छ भने तत्कालिन राजपा वर्तमानको लोसपा, कांग्रेस, माओवादी, एकीकृत समाजवादी लगायतका दलको गठबन्धन तर्फबाट साझा उम्मेदवार बनेका छन् लोसपाका जयप्रकाश ठाकुर ।

उपेन्द्रकै पालिका पर्ने महादेवा गाउँपालिकाका वासिन्दा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउतको उम्मेदवारी उपेन्द्रका लागि टाउको दुखाई बनेको छ । सत्तारुढ गठबन्धनका उम्मेदवार ठाकुरले चुनौती दिइरहेका बेला आफ्नै पालिकाका अर्का उम्मेदवार डा. राउतको उपस्थितिले उनलाई थप दवावमा पारेको छ । अर्को तर्फ यसपटक न त मधेश आन्दोलनको 'राप-ताप' न त मधेशी आन्दोलनका माग वा अधिकारको मुद्दा, स्थानीय शम्भु यादव भन्छन् -'एमाले र ओली सबैभन्दा ठुलो मधेशी विरोधी भएको भन्दै आएका उपेन्द्रले उनैको दलसँग गठबन्धन गर्दा यहाँका मतदातामा चर्को असन्तुष्टि छ ।'

नागरिकता विधेयक लगायत मधेश प्रदेशलाई असफल बनाउने अभियानमा लागेका एमालेसँगको गठबन्धनले उपेन्द्रलाई झन गाह्रो बनाएको अर्का स्थानीयवासी रामजी यादवको भनाई छ । राजविराज नगरपालिकासहित महादेवा, छिन्नमस्ता र तिलाठी गाउँपालिका पर्ने यस क्षेत्रमा पछिल्लो स्थानीय तहको निर्वाचनमा दुई पालिकामा लोसपा र एक/एक पालिकामा कांग्रेस तथा जसपाले प्रमुख पद जितेको छ । यस्तो अवस्थामा उपेन्द्रलाई जित हात पार्न २०७४ साल जस्तो सहज नरहेको राजनीतिक विशलेषकहरु बताउँछन् ।

मतदातालाई आफ्नो पक्षमा ल्याउन घरदैलो अभियानलाई तीब्र बनाएका डा. राउत वर्षोदेखि सत्तामा हालीमुहाली गरिरहेका एमाले, कांग्रेस, माओवादी, जसपा लगायतका दलले अघि सारेका एजेन्डा उनीहरुको सत्तामा पुनरागमनका लागि मात्र भएको बताउँछन् ।

यो उनको पहिलो चुनावी प्रतिस्पर्धा हो । उनका लागि आगामी राजनीतिक भविष्यका दृष्टिले पनि यो चुनाव महत्वपूर्ण देखिन्छ । पछिल्लो स्थानीय तहको निर्वाचनमा उनको सांगठनिक मत कमजोर देखिएपनि अहिले उनको क्रेज र प्रभाव दिनानुदिन बढ्दै गएको छ । 'डा. राउतको छवि, किसान आन्दोलन र भ्रष्टाचार विरोधी अभियानका कारण जनमतको लहरनै चलेको छ, जनमतका स्थानीय नेता थानेश्वर साह भन्छन - 'डा. राउत ठूलो मतान्तरले जित हात पार्नेमा हामी ढुक्क छौ ।'

'आश्वासन मात्र बाडने त्यस्ता पुराना नेता दललाई जनताले अब पत्याउँदैनन'- डा. राउत भन्छन्- 'हामी निरन्तर रुपमा बढदै गएको शक्ति हौं त्यसैले यसपल्ट जनताले मौका दिने कुरामा ढुक्का छौ ।'

उनले भ्रष्टाचार र महँगी नियन्त्रण, किसानको समस्या समाधान, युवालाई रोजगारी तथा शिक्षा र स्वास्थमा सुधार लगायतका विषयलाई प्रमुख चुनावी एजेण्डा बनाएका छन् ।

२०७४ मा चुनाव जितेका उपेन्द्र यसपटकको निर्वाचनमा पनि जित दोहोऱ्याउने दावी गर्छन् । विगतमा आफूले यस जिल्लाको विकासका लागि धेरै काम गरेको कारण जित्ने उनको दावी छ । जनताले परिवर्तन र विकास चाहेका छन्, मैले ती दुवै क्षेत्रमा काम गरेकाले जनताले फेरि पनि चुन्नेमा विश्वस्त छु, उनले भने । उनले यस क्षेत्रमा नर्सिङ्ग कलेज, गजेन्द्र नारायण सिंह अस्पतालमा सुधार, विभिन्न सडक सञ्जालको विस्तारका साथै कृषि विश्वविद्यालय, इन्जिनियरिङ्ग कलेज र रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतको संरचना निर्माणको कार्यको शुरुवात गरेकोले मतदाताले फेरि पनि मौका दिने दावी गरे । उनले सप्तरीलाई शैक्षिक र स्वास्थ्य केन्द्रको रुपमा विकास गर्ने योजना सहित मतदातासँग सहयोगका लागि आग्रह गर्ने गरेका छन् ।

हालै सम्पन्न पालिका चुनावमा प्राप्त मतको आधारमा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार ठाकुर, उपेन्द्रभन्दा दोब्बर र डा. राउतभन्दा तेब्बर मतले अगाडि देखिन्छ । तर स्थानीय तह निर्वाचनमा प्राप्त मत संसदीय चुनावमा पनि कायम रहला नरहला भन्ने कुरा यकिन गर्न कठिन रहेको नागरिक सञ्जाल सप्तरीका अध्यक्ष सुखराम यादव बताउँछन् ।

सत्तारुढ गठबन्धनका साझा उम्मेदवार ठाकुर गठबन्धन एक ढिक्का भएकाले जित सुनिश्चित भएको दावी गर्छन् । उनी भन्छन् -'गठबन्धनभित्र कुनै समस्या छैन, एक ढिक्का भई अघि बढेकाले फराकिलो मतान्तरले जित हासिल गर्ने छौ ।'

२०७० को संविधानसभा र २०७४ को प्रतिनिधिसभामा यही क्षेत्रबाट थोरै मतले पराजित भएका ठाकुर यसपटक सत्तारुढ गठबन्धनका साझा उम्मेदवार भएकाले तेश्रो प्रयासमा सफल हुने विश्वासमा छन् । उनी विकास र रोजगारीलाई प्रमुख चुनावी मुद्दा बनाएका छन् ।

सत्तारुढदल र एमाले गठबन्धनका साथै एक्लै चुनावी मैदानमा रहेका जनमत पार्टीले विगतका आफ्ना क्रियाकलाप माथि टेकेर एक अर्कालाई कमजोर सावित गर्ने अन्तिम प्रयासमा खुलेर लागि रहँदा अधिकांश मतदाता भने खुलेर बोल्ने मुडमा देखिदैनन । खुलेर बोल्ने केही मतदाताको प्रारम्भिक रुझानलाई हेर्दा पनि यिनै तीन नेता बीच कडा प्रतिस्पर्धा देखिन्छ । यी तीन मध्ये जसले जिते पनि मतान्तर संख्या भने एक हजारदेखि दुई हजार बिचमा मात्र रहने अधिकांश मतदाताको आकलन छन् । तर अन्तिम बाजि कसले मार्ला ? भन्ने प्रश्नको जवाफ पाउनका लागि मंसिर ४ सम्म पर्खिनुको विकल्प छैन ।







'हामी निरन्तर रुपमा बढदै गएको शक्ति हौं त्यसैले यसपल्ट जनताले मौका दिने कुरामा ढुक्का छौ ।'
– सि.के. राउत

'जनताले परिवर्तन र विकास चाहेका छन्, मैले ती दुवै क्षेत्रमा काम गरेकाले जनताले फेरि पनि चुन्नेमा विश्वस्त छु'
– उपेन्द्र यादव

' गठबन्धनभित्र कुनै समस्या छैन, एक ढिक्का भई अघि बढेकाले फराकिलो मतान्तरले जित हासिल गर्ने छौ ।'
– जे.पी.ठाकुर

# विश्वकपको उपाधि इङ्ल्यान्डलाई




**टुडे समाचारदाता**

जनकपुरधाम । विश्वकप २०२२ को उपाधि इङ्ल्यान्डले जितेको छ । आइतबार पाकिस्तानलाई ५ विकेटले हराउँदै आईसीसी ट्वान्टी-२० विश्वकपको उपाधि इङ्ल्यान्डले जितेको छ ।

इङ्ल्यान्डले ट्वान्टी-२० विश्वकपको उपाधि जितेको यो दोस्रोपटक हो । इङ्ल्यान्डले यसअघि २०१० मा पनि उपाधि जितेको थियो । त्यसको १२ वर्षपछि इङ्ल्यान्डले ८० हजार दर्शकमाझ दोस्रो पटक उपाधि उचाल्न सफल भएको छ । अस्ट्रेलियाको मेलबर्न क्रिकेट मैदानमा टस हारेपछि ब्याटिङका लागि निम्त्याइएको पाकिस्तानले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १३७ रनको योगफल खडा गरेको थियो । १३८ रनको लक्ष्य इङ्ल्यान्डले १९ ओभरमा पाँच विकेट गुमाएर पूरा गरेको हो ।

उक्त लक्ष्य पूरा गर्नेक्रममा इङ्ल्यान्डका स्टोक्सले अविजित ५१ रन बनाए । उनले ४९ बलमा ५ चौका र एक छक्का प्रहार गरेका थिए । कप्तान जोस बट्लरले २६, ह्यारी ब्रुक्सले २० र फिल साल्टले १० रन बनाए । मोइन अलीले १९ रन बनाए । पाकिस्तानका ह्यारीस राउफले दुई विकेट लिँदा साहीन शाह अफ्रिदी, मोहम्मद वासिम र शादब खानले एकएक विकेट लिए । त्यसअघि पाकिस्तानका सान मसुदले ३८ रन बनाए । कप्तान बाबर आजमले ३२ रन थप्दा सदाब खानले २०, मोहम्मद रिजवानले १५ रन जोडे । पाकिस्तानका अन्य ब्याट्सम्यानले उल्लेखनीय रन बनाउन सकेनन् ।

पाकिस्तानलाई कम योगफलमै रोक्न इङ्ल्यान्डबाट प्रभावकारी बलिङ गरेको साम करनले तीन विकेट लिए । चार ओभर बलिङ गरेका करनले १२ रनमात्र खर्चिए । आदिल आलम र क्रिस जोर्डनले समान दुई विकेट लिँदा बेन स्टोक्सले एक विकेट हात पारे । पाकिस्तानले यसअघि २००९ विश्वकपको उपाधि जितेको थियो । त्यसबाहेक विश्वकपमा दुवै टिमले समान एकपटक उपविजेतामा चित्त बुझाएका थिए ।

आइतबार मेलबर्न क्रिकेट मैदानमा पाकिस्तान र इङ्ल्यान्डले फाइनल खेल्दै गर्दा सन् १९९२ को एकदिवसीय विश्वकपको फाइनलको झल्को दिएको थियो । त्यतिबेला संयोग गज्जबको छ। पाकिस्तानले १९९२ को विश्वकपमा उपाधिका लागि इङ्ल्यान्डसँग नै खेलेको थियो । र, फाइनलमा उपाधिका लागि खेल्नुअघि त्यसबेला पनि पाकिस्तानले सेमिफाइनलमा न्युजिल्यान्डलाई हराएको थियो ।

अझ रोमाञ्चक संयोग के भने त्यसबेला पनि अस्ट्रेलिया विश्वकपको साबिक विजेता थियो र प्रतियोगिताको सेमिफाइनलमा पुग्न सकेको थिएन । यसपटक पनि अस्ट्रेलिया ट्वान्टी-२० विश्वकपको साबिक विजेता भए पनि सेमिफाइनल पुग्न भने असफल भयो । तर, फाइनलमा उपाधि भने यसपटक इङ्ल्यान्डको नाममा रह्यो ।

# निर्वाचन आचार संहिता उल्लंघन गरेका नगर प्रमुखलाई जरिवाना

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगले बाराको पचरौता नगरपालिकाकानगरप्रमुखजलन्धर सिंह जयसवाललाई जरिवाना गरेको छ । निर्वाचन अचार संहिता विपरीत कार्य गरेको भन्दै उनलाई स्पष्टीकरण माग गरेको थियो । सो स्पष्टीकरण चित्त बुझ्दो नभएको भन्दै उनलाई आयोगले २५ हजार जरिवाना गरेको छ ।



उनलाई स्थानीय मनोज प्रसाद यादवको उजुरीको आधारमा कारवाही गरिएको छ । उनले आचार संहिता विपरीत गएर सभा जस्ता कार्यक्रम गरेका थिए ।

आयोगले उक्त नगरपालिकाको तलव भत्ता तथा प्रशासनिक खर्च बाहेक अन्य रकम निकासा नगर्न कोष तथा लेखा नियन्त्रण कार्यालय, कलैयालाई पत्र पनि लेखेको छ । यस्तै, एक शिक्षकलाई पनि कारवाही गरेको छ । जनता अधारभुत विद्यालयका शिक्षक जिवछ यादवलाई पाँच हजार जरिवाना गरेका छन् । सरकारी विद्यालयको शिक्षक भएपनि उनले राजनीतिक दलको गतिविधि तथा प्रचारप्रसारमा संलग्न भएको र बहाल पदमा हुँदा नै कुनै दलको सदस्य बनेको आरोप छ । आयोगले जिवछ यादवलाई सेवा सर्त सम्बन्धि प्रचलित कानून बमोजिम विभागि कारवाही गर्नु भनी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पत्रसमेत पठाइएको छ ।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०७९ को उल्लंघनबारे प्राप्त उजुरीका सम्बन्धमा स्पष्टीकरण सोधी आवश्यक जाँचबुझको क्रम जारी राखेको छ । यस क्रममा यही कात्तिक २५ गतेसम्ममा प्राप्त स्पष्टीकरण सन्तोषजनक नभएकाले विभिन्न उम्मेदवार, जनप्रतिनिधि र कर्मचारीलाई प्रचलित कानूनबमोजिम जरिवानासहित कारवाही गरिएको छ ।

यस्तै आचारसंहिता उल्लंघनका सम्बन्धमा अनुसन्धान गर्न सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई लेखी पठाइएको छ भने आचारसंहिता विपरीत भएका कार्यहरू रद्द गर्न विभिन्न प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक निर्देशनसमेत दिइएको छ ।

# उम्मेदवार जितेन्द्रलाई स्पष्टीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगले प्रदेशसभा सदस्य पदका उम्मेदवार जितेन्द्रकुमार यादवलाई स्पष्टीरकण माग गरेको छ । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ को 'क'बाट नेकपा एमाले-जसपा गठबन्धनका उम्मेदवार यादवलाई २४ घण्टाभित्र स्पष्टीकरण बुझाउन आयोगले माग गरेको हो ।



यादवले सवारी साधनको स्वरुप परिवर्तन गरी माइकिङ गरेको आरोप छ । नम्बर प्लेट समेत नदेखिने गरी सवारी साधनको स्वरुप परिवर्तन गरी माइकिङ गर्दै निर्वाचन प्रचारप्रसार गरेको कार्य निर्वाचन आचारसंहिता विपरीत भएको आयोगको ठहर छ । 'तपाईंको प्रचारप्रसारमा प्रयोग भएको सवारी साधनको श्रव्यदृश्य सामग्री यसैसाथ छ । उक्त सवारी साधन तपाईंको प्रचारप्रसारमा प्रयोग भएको होइन भन्ने आधार कारण के छ ?,'स्पष्टीकरणमा लेखिएको छ,'यदि तपाईंको प्रचारप्रसारमा उक्त सवारी साधन प्रयोग भएको हो भने तपाईंको कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को खण्ड (द) र दफा १४ को खण्ड (ग) को विपरीत हुने भएकोले तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिम कारवाही हुनु नपर्ने कारण के छ ?'

आचारसंहिताको दफा १३, जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (द) मा कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपांग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडालगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी ऱ्याली आयोजना गर्न प्रचारप्रसार गराउन नहुने व्यवस्था गरिएको छ । आचारसंहिताको दफा १४ को उपदफा (ज्ञ) को खण्ड (क) मा निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोके बमोजिम बढीमा दुईपांग्रे वा तीनपांग्रे वा चारपांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने तर विदेशी नम्बर प्लेटको सवारी साधनलाई त्यस्तो अनुमति दिइने छैन भन्ने व्यवस्था छ । सोही दफाको उपदफा (१) को खण्ड (ख) मा कुनै पदको निर्वाचन प्रचारप्रसारको लागि राजनीतिक दलले खण्ड (क) बमोजिमको प्रक्रिया पूरा गरी सोही बमोजिमको संख्या र प्रकारका सवारी साधन मात्र प्रयोग गर्नुपर्ने व्यवस्था छ । सोही दफाको उपदफा (१) को खण्ड (ग) मा खण्ड (क) र (ख) बमोजिम अनुमति प्राप्त गरेको सवारी साधनको स्वरुप परिवर्तन गरी प्रयोग गर्न वा गराउन नहुने व्यवस्था छ ।

# सडकमा परेका विद्युत् पोल हटाउँदै

**रञ्जन यादब**

बारा । बाराको जीतपुर सिमरा उपमहानगरपालिकाभित्र ढलान तथा पिच सडकमा परेका विद्युत् पोल हटाइ रहेको छ ।

सडकभित्र परेका विद्युत पोलका कारण दुर्घटना बढ्दै गएपछि नगर प्रमुख राजन पौडेलले अनुगमन गरेका पछि सो पोलहरु हटाउने काम थालिएको छ ।

नगर प्रमुख पौडेलले सरोकारवालासहित छलफलपछि वडा कार्यालयमार्फत पोल हटाउने योजना अघि बढाएका छन् ।

जीतपुरसिमरा उपमहानगरपालिकाको २४ वटै वडाको पिच, ढलान, नालाको बिचमा परेको पोलको व्यवस्थापन नगरको योजनामा व्यवस्थित गर्ने र आवश्यक बजेट नगरले व्यवस्थापन गर्ने निर्णय भएको छ ।

प्रत्येक वडामा वडा अध्यक्ष, नगरको सब इन्जिनियर र बिद्युत् प्राधिकरणको प्रविधिक सहितको टोलीले लागत संकलन गर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत पोखरेलले वडा कार्यालय र विद्युत् प्राधिकरणले पत्र लेखेर प्रकृया अघि बढाएका छन् । उपमहानगरपालिकाले सूचनामार्फत निर्माण भएका सडक तथा नालाहरुमा परेका बिजुलिका पोलहरुको जानकारी गराउन अनुरोध गरेको छ ।

आवश्यकता

जनकपुरधामको प्रतिष्ठित अस्पतालमा देहाय बमोजिमको पद पुर्तीको आवश्यकता रहेकाले समयमा सम्पर्क गर्नुहोला ।

| पद | संख्या |
|---|---|
| मेडिकल अफिसर (एमबीबीएस) | एक जना |
| हेल्थ एसिसटेन्ट (एचए) | दुई जना |
| अहेब | एक जना |
| स्टाफ नर्स/अनमी | एक जना |
| रिसेपनिष्ट/कैशियर | एक जना |
| सेक्युरिटी गार्ड | एक जना |

योग्यता : ६ महिनाको अनुभव तथा सम्बन्धित काउन्सिल दर्ता

सम्पर्क

केयर मेडिकल सेन्टर नर्सिङ होम

बागवानी अगाडि जनकपुरधाम

फोन नं. ०४१-५२०२३०/५२३८६४

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८